# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा सामाजिक र मानवीय वस्तु हो । यसको प्रयोग मानव समाजमा मात्र हुन्छ । भाषालाई विकसित रूपमा अघि बढाउन भाषिक सिपको आवश्यकता पर्दछ । भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ पर्दछन् । भाषाका यी चारवटा सिपमध्ये लेखाइ सिप पनि महत्त्वपूर्ण सिप हो । सुनेका, बोलेका, पढेका कुरालाई सिलसिला मिलाई अभिव्यक्त गर्ने काम लेखाइ सिपबाट मात्र सम्भव छ । आफ्ना विचार, अनुभव, धारणा तथा ज्ञान र सिपलाई मौन रूपमा प्रशारण गर्ने महत्त्वपूर्ण भाषिक माध्यमको रूपमा लेखाइलाई लिइन्छ । मनका विचारको अभिव्यक्ति बोलेर पनि गर्न सकिए तापनि त्यो चिरस्थायी हुँदैन तर लेखाइका माध्यमबाट दिइएका अभिव्यक्ति चिरस्थायी हुने भएकाले पनि यसको महत्त्व बढेको छ । लेखाइबाट हरेक अनुभव गरेका र पढेका कुरालाई सम्झनका लागि सञ्चित एवम् सुरक्षित राखी भविष्यका लागि समेत चाहेको बेलामा उपयोग गर्न सकिन्छ । लेखाइ सिपको प्रयोग घर व्यवहारदेखि लिएर विभिन्न क्षेत्रमा हुने गर्दछ । विद्यालयको औपचारिक शिक्षाका सन्दर्भमा शिक्षकले भनेका, आफूले बुझेका कराको टिपोट गर्न, कक्षाकार्य तथा गृहकार्य गर्न र परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्न पनि यसको विशेष भूमिका रहेको छ । लेखाइबाट आफ्ना अभिव्यक्ति अरु समक्ष पुऱ्याउने व्यक्ति सामान्य व्यक्तिभन्दा उच्च र मर्यादित हुने गर्दछ । लेखाइ सिपका लागि शब्द, लिपि, अर्थ एवम् वाक्य संरचनाको पूर्व ज्ञान आवश्यक पर्दछ । लेखाइ सिपको माध्यमबाट अभिव्यक्ति दिँदा सामान्य कुराको त्रुटिले पनि व्यापाक फरक पर्न जान्छ, त्यसैले लेखाइमा अभ्यस्त हुन अनुलेखन, श्रुतिलेखन, वस्तु वा चित्र वर्णन, घटना वर्णन, सारांश लेखन, अनुच्छेद लेखन, निबन्ध लेखन, बुँदाटिपोट, प्रश्नोत्तर, कथा लेखन जस्ता विभिन्न कार्यकलाप अपनाइन्छ । ती कार्यकलापमध्ये बुँदाटिपोट पनि एक हो ।

बुँदाटिपोट कुनै विधागत वा अनुच्छेदको मुख्य कुरालाई बुँदागत रूपमा लेख्नु हो । सुनेका, बोलेका, पढेका कुराको सूत्रबद्ध टिपोटलाई बुँदाटिपोट भनिन्छ । लामालामा पाठ वा भनाइहरू लामो समयसम्म स्मरण गर्न सकिँदैन । त्यस्तै लिखित वा मौखिक अभिव्यक्तिमा

सबै कुरा महत्त्वपूर्ण नहुन पनि सक्छन् । त्यस्ता लामा लेख र भनाइबाट व्यक्तिलाई आवश्यक पर्ने कुरा मात्र टिपोट गरी लामो समयसम्म स्मरण गर्न बुँदाटिपोटले सहयोग पुऱ्याउँछ । बुँदाटिपोट एक प्रकारको कला हो । बोध सामर्थ्य भएका व्यक्तिले मात्र राम्रोसँग बुँदाटिपोट गर्न सक्छ । बुँदाटिपोटको सामग्री राम्रोसँग अध्ययन नगरी र त्यसलाई राम्ररी नबुझी बुँदाटिपोट गर्न सकिँदैन । त्यसैले यो बोध सामर्थ्य र लेखन सिप दुवैको जाँच गर्ने कसी हो ।

शिक्षणका क्रममा शिक्षकले कक्षामा व्याख्या गरेका कुरा सुनेर सम्झनका लागि बुँदाटिपोटले मद्दत गर्छ । त्यसैगरी विभिन्न स्रोतबाट प्राप्त ज्ञानलाई सम्झन, कुनै कृति वा रचनाको मुख्य विषयवस्तु सम्झन र आफूले व्यक्त गर्न चाहेको कुरा थोरै शब्दमा धेरै विचार व्यवस्थित तरिकाले राख्न पनि बुँदाटिपोटले सहयोग गर्दछ । लेखनलाई बढी व्यवस्थित र ठोस बनाउन बुँदाटिपोटले मद्दत गर्दछ । त्यस्तै मान्छेका मनमा उठेका विभिन्न भाव वा भावनाको यथा समयमा टिपोट गर्न नसक्दा ती अमूल्य विचार वा भावना विस्मृत भएर जाने हुँदा त्यसलाई जोगाउने काम बुँदाटिपोटले गर्दछ । वर्तमान शिक्षाको संरचना अनुसार माध्यमिक तह कक्षा नौको पाठ्यक्रममा बुँदाटिपोटलाई पनि समावेश गरिएको पाइन्छ । लेखाइ सिपका विविध क्रियाकलापमध्ये बुँदाटिपोट पनि महत्त्वपूर्ण क्रियाकलाप भएकोले बुँदाटिपोट क्षमताको अध्ययन गर्नु आवश्यक देखिन्छ । यस अनुसन्धान इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

समस्या भएका विषयवस्तुमा नै अनुसन्धान गरिन्छ । शोधलाई यथोचित दिशामा अगाडि बढाउन समस्याकथन स्पष्ट र पारदर्शी हुनुपर्दछ । अनुसन्धान गर्नका लागि छानिएको विषयवस्तु नै अनुसन्धान समस्या हो । माध्यमिक तह कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ ? भन्ने कुरा यस अनुसन्धानको मुख्य समस्याको रूपमा रहेको छ । प्रस्तुत अनुसन्धान मुख्य गरी निम्नलिखित समस्याहरूको अध्ययनमा केन्द्रित रहेका छन् :

(क) इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ ?

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति कस्तो छ ?

(ग) भाषिक पृष्ठभूमि र लिङ्गगत आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य शीर्षकसँग सम्बन्धित समस्याहरूको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोधकार्यको उद्देश्यले शोधार्थीलाई शीर्षकसँग सम्बन्धित मुख्य मुख्य बाटो देखाउने काम गर्दछ । इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको पहिचान गर्नु मुख्य उद्देश्य राखिएको अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको पहिचान गर्नु,

(ख) विद्यालय प्रकृतिका आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु,

(ग) भाषिक पृष्ठभूमि र लिङ्गगत आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु ।

## १.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता

भाषा विचार विनिमयको माध्यम पनि हो । भाषाविना मानव समाजको निर्माण सम्भव छैन । कथ्य भाषा र लेख्य भाषामध्ये बुँदाटिपोट गर्ने क्षमतालाई लेख्य भाषासँग सम्बन्धित छ । विद्यार्थीहरूले लिखित अभिव्यक्तिको माध्यमबाट आफूले जानेका, सुनेका, अनुभवबाट आर्जन गरेका ज्ञानलाई सिलसिला मिलाएर प्रस्तुत गर्ने कार्य, लेखनकै क्रममा देखिएका वा विभिन्न पाठमा रहेका मुख्य कुरालाई बुँदागत रूपमा टिपोट गर्ने कार्य बुँदाटिपोट हो । लेखाइलाई शुद्ध, शृङ्खलाबद्ध, व्यवस्थित बनाउन बुँदाटिपोट क्षमताले सहयोग गर्दछ । कक्षामा शिक्षकले व्याख्या गरेका कुरा सुनेर मुख्य कुरा सम्झन, सिर्जनात्मक क्षमताको विकास गर्न, बुँदाटिपोट क्षमताले सहयोग पुऱ्याउने हुँदा यसको अध्ययन गर्न औचित्यपूर्ण छ । विद्यार्थीहरूको मौखिक तथा लिखित अभिव्यक्ति परिष्कार र परिमार्जन गर्दै लैजानुका साथै उनीहरूको मौलिक क्षमताको विकास गर्ने र सिर्जनशील बन्न सहयोग गर्दै नेपाली भाषाको शुद्ध र मानक स्तरको प्रयोगकर्ता, विद्यार्थी, शिक्षक सबैलाई

प्रस्तुत अध्ययन उपयोगी रहेको छ । यस अध्ययनको औचित्यलाई बुँदागत रूपमा निम्नानुसार स्पष्ट पार्न सकिन्छ :-

(क) यस अध्ययनबाट कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट गर्न सक्ने क्षमताको विकास गर्न सहयोग गर्नेछ ।

(ख) यस अध्ययनले नेपाली भाषा शिक्षण गर्ने शिक्षक, विद्यार्थी र अभिभावकका लागि उचित मार्ग निर्देशन प्रदान गर्नेछ ।

(ग) यस अध्ययनले बुँदाटिपोट क्षमताको महत्त्वबारे स्पष्ट गराउने छ ।

(घ) यस अध्ययनले भाषिक सिपको प्रयोगमा दक्ष बनाउन र सिर्जनात्मक क्षमताको विकास गर्नेछ ।

## १.५ शोधकार्यको सीमाङ्कन

शोधकार्य गर्नका लागि शोध अनुसन्धानको क्षेत्र व्यापक रहने भएकोले सम्पूर्ण विषयको अध्ययन अनुसन्धान गर्न सम्भव हुँदैन तसर्थ अनुसन्धानको लागि निश्चित सीमाङ्कन गर्नु पर्दछ । प्रस्तुत अनुसन्धान कार्य बुँदाटिपोट क्षमतासँग सम्बन्धित भएकोले यस अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) यस शोधकार्य इलाम जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनमा सीमित रहेको छ ।

(ख) इलाम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनमा सीमित रहेको छ ।

(ग) यस अध्ययन भाषिक पृष्ठभूमिका आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनमा सीमित रहेको छ ।

घ) यस अध्ययन लिङ्गगत आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिको अध्ययनमा सीमित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

यस अध्ययनको रूपरेखा निम्नानुसार रहेका छन् :

**अध्याय एक : शोध परिचय**

यस अध्यायमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधपत्रको उद्देश्यहरू, शोधपत्रको सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमाङ्कन र शोधपत्रको रूपरेखा समावेश गरिएको छ ।

**अध्याय दुई : पूर्वकार्यको अध्ययन र सैद्धान्तिक अवधारणा**

यस अध्यायमा पूर्वकार्यको अध्ययनअन्तर्गत अध्ययन शीर्षकसँग सम्बन्धित पुस्तकको समीक्षा, शोधकार्यको समीक्षा र तिनीहरूको प्रस्तुत अध्ययनसँग सम्बन्ध र भिन्नता विश्लेषण गरी राखिएको छ । त्यसैगरी सैद्धान्तिक अवधारणाअन्तर्गत बुँदाटिपोटको परिचय, परिभाषा, लेखन सिप र बुँदाटिपोटको सम्बन्ध, बुँदाटिपोटको विशेषता, प्रयोजन, बुँदाटिपोटको विधि/प्रक्रियालाई समावेश गरिएको छ ।

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया**

यस अध्यायमा अध्ययनको ढाँचा, जनसङ्ख्याको र प्रतिनिधि नमुना छनोट, सामग्री निर्माण, पूर्वपरीक्षण, तथ्याङ्क सङ्कलन, तथ्याङ्कको विश्लेषण र मूल्याङ्कनलाई समावेश गरिएको छ ।

**अध्याय चार : व्याख्या तथा विश्लेषण**

यस अध्यायमा समग्रताको आधारमा गरिएको बुँदाटिपोट क्षमताको अध्ययनलाई समावेश गरिएको छ । यस अध्यायअन्तर्गत इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई मध्यमान र प्रतिशतका आधारमा मूल्याङ्कन गरिएको छ । प्रतिशतका आधारमा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । मध्यमानका आधारमा मूल्याङ्कन गर्दा मध्यमानभन्दा कम र मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या निकालिएको छ ।

**अध्याय पाँच : व्याख्या तथा विश्लेषण**

यस अध्यायअन्तर्गत प्राप्त तथ्याङ्कलाई विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालय गरी इलाम जिल्लाका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको

बुँदाटिपोट क्षमताको अध्ययनलाई समावेश गरिएको छ । यस अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रतिशत र मध्यमानका आधारमा छुट्टाछुट्टै गरिएको मूल्याङ्कनलाई समावेश गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिलाई प्रतिशतका आधारमा मूल्याङ्कन गरी तथ्याङ्कलाई थप प्रस्ट पार्न स्तम्भ चित्रलाई पनि यस अध्यायमा समावेश गरिएको छ ।

**अध्याय छ : व्याख्या तथा विश्लेषण**

यस अध्यायमा प्राप्त तथ्याङ्कलाई भाषिक पृष्ठभूमि र लिङ्गगत पृष्ठभूमिका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । भाषिक पृष्ठभूमिका आधारमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली मातृभाषी र दोस्रोभाषी तथा लिङ्गगत पृष्ठभूमिका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन मध्यमान र प्रतिशतका आधारमा छुट्टाछुट्टै प्रस्तुत गरिएको छ । अन्त्यमा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र दोस्रोभाषी, लिङ्गगत आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई प्रतिशतका आधारमा तुलनात्मक मूल्याङ्कन गरी तथ्याङ्कलाई थप प्रस्ट पार्न स्तम्भ चित्रलाई यस अध्यायमा समावेश गरिएको छ ।

**अध्याय सातः सारांश, निष्कर्ष, उपयोगिता र सुझाव**

यस अध्यायअन्तर्गत अध्ययनको पृष्ठभूमिदेखि तथ्याङ्कको व्याख्या तथा विश्लेषणसम्मलाई सारमा प्रस्तुत गरिएको छ । निष्कर्षअन्तर्गत तथ्याङ्कको व्याख्या तथा विश्लेषणबाट प्राप्त निचोडलाई निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ । इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनबाट प्राप्त निष्कर्षको उपयोगितालाई समावेश गरिएको छ । प्राप्त निष्कर्षका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको विकासका लागि शिक्षक, विद्यार्थी लगायत सम्बन्धित विभिन्न पक्षलाई सुझाव दिइएको छ ।

**सन्दर्भसूची**

**परिशिष्ट**

**व्यक्तिगत विवरण**

# अध्याय : दुई
# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धान कार्य नँया कुरा पत्ता लगाउनु मात्र होइन, पुरानै कुरालाई सत्य, तथ्य वस्तुनिष्ठका आधारमा परिमार्जन गर्नु पनि हो । त्यसैले शोधकार्य गर्नु पूर्व आफूभन्दा पहिले सम्बन्धित क्षेत्रमा के-कस्तो अध्ययन अनुसन्धानहरू भएका छन् भनी जान्नु आवश्यक छ । यसबाट आफ्नो अनुसन्धान पूर्ण छ कि छैन भन्ने थाहा हुनुका साथै अध्ययन गर्ने तरिकाहरू पनि थाहा हुन्छ । पूर्व कार्यको समीक्षाले अनुसन्धानलाई एक निश्चित मार्ग प्रदान गर्दछ । यस अध्ययनलाई पुरा गर्ने क्रममा शीर्षकसँग सम्बन्धित पाठ्यपुस्तक र बुँदाटिपोट क्षमतासँग सम्बन्धित पहिले भएका अध्ययन अनुसन्धानको समीक्षा गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

शर्मा (२०५७) द्वारा **शब्दरचना र वर्णविन्यास** नामक पुस्तकमा दिइएका पाठलाई बुझेर त्यसमा निहित तोकिएका मूलमूल कुराहरू ठम्याएर टिप्नु बुँदाटिपोट हो भन्ने परिभाषा दिइएको पाइन्छ । यस पुस्तकमा बुँदाटिपोटको विधि र नियम, प्रयोग र नमुनासम्बन्धी पनि जानकारी दिइएको पाइन्छ । यसबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सैद्धान्तिक परिचय तयार पार्न, प्रक्रियाका आधारमा विद्यालयमा तथ्याङ्क सङ्कलन गर्न सहयोग गर्दछ ।

अधिकारी र शर्मा (२०६१) द्वारा लिखित **प्रारम्भिक भाषा शिक्षण** नामक पुस्तकमा लेखन सिप विकासका लागि अपनाइने कार्यकलापअन्तर्गत बुँदाटिपोट पनि एक महत्त्वपूर्ण कार्यकलाप हो भन्ने उल्लेख गरिएको छ । यसमा बुँदाटिपोटको कार्यकलापको पनि चर्चा गरिएको पाइन्छ । यसबाट लेखन सिप र बुँदाटिपोटको सम्बन्ध, बुँदाटिपोटको कार्यकलाप बारे जानकारी प्रदान गरी प्रस्तुत शोधकार्य सम्पन्न गर्न सहयोग गर्दछ ।

ज्ञवाली र ज्ञवाली (२०६५) को **शैक्षिक तथा सिर्जनात्मक लेखन** नामक पुस्तक सिर्जनात्मक लेखनका लागि निकै उपयोगी पुस्तक हो । यस पुस्तकमा लेखन सिप विकासका लागि बुँदाटिपोटको भूमिका रहने कुराको चर्चा गरिएको छ । उक्त पुस्तकमा बुँदाटिपोट सम्बन्धी परिभाषा, बुँदाटिपोटको प्रयोजन पनि दिइएको छ । उक्त पुस्तकमा बुँदाटिपोट गर्दा बुँदाहरूमा स्पष्टता, सङ्क्षिप्तता, पूर्णता, क्रमबद्ध, मौलिकता जस्ता विशेषता हुनुपर्ने कुरामा जोड दिइएको छ । यसबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सैद्धान्तिक परिचय तयार पार्न सहयोग गर्दछ ।

बराल र एटम (२०६६) द्वारा लिखित **अनिवार्य नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास** नामक पुस्तकमा कुनै पाठमा रहेको सारपूर्ण बुँदाहरूलाई टिपोट गर्नु नै बुँदाटिपोट हो भन्ने परिभाषा दिइएको पाइन्छ । यसमा बुँदाटिपोट गर्ने तरिका र नमुना पनि दिइएको हुँदा यसले प्रस्तुत अध्ययन सम्पन्न गर्न सहयोग गर्दछ ।

शर्मा र पौडेल (२०६८) ले **नेपाली भाषा शिक्षणका सन्दर्भहरू** नामक पुस्तकमा पठित वा श्रुतिभाषिक अभिव्यक्तिका सारभूत कुरा बुझी तिनलाई बोधात्मक एकाइहरूमा परिणत गरेर लेख्नु नै बुँदाटिपोट हो भनेर परिभाषा दिएका छन् । उक्त पुस्तकमा बुँदाटिपोटका विशेषता, शिक्षण तरिकालाई समावेश गरिएको पाइन्छ । उक्त पुस्तकले प्रस्तुत अध्ययनको सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गर्दछ ।

अधिकारी (२०६९) द्वारा **नेपाली भाषा शिक्षण** नामक लिखित पुस्तकमा लेखनलाई व्यवस्थित, ठोस, सिलसिलाबद्ध बनाउन बुँदाटिपोटले मद्दत गर्ने कुरा समेटेको पाइन्छ । यस पुस्तकमा बुँदाटिपोटको प्रयोजन, शिक्षण तरिका पनि समावेश गरिएको पाइन्छ । यस पुस्तकले पनि प्रस्तुत अध्ययनको सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गर्दछ ।

गौतम र अन्य (२०७०) द्वारा लिखित **स्नातक नेपाली** नामक पुस्तकमा सुनेका, देखेका वा अनुभव गरेका कुराहरूको सूत्रबद्ध टिपोट बुँदाटिपोट हो भन्ने परिभाषा दिइएको पाइन्छ । उक्त पुस्तकमा बुँदाटिपोटका खेस्रा बुँदाटिपोट र साफी बुँदाटिपोट गरी दुई चरणमा हुन्छन् भन्ने उल्लेख गरिएको छ । यसमा बुँदाटिपोटको विधि/प्रक्रिया, नमुनालाई पनि समावेश गरिएको पाइन्छ । यस पुस्तकले प्रस्तुत अध्ययन सम्पन्न गर्ने क्रममा बुँदाटिपोटको परिचय, विधि/प्रक्रियासम्बन्धी जानकारी गराई मद्दत गर्दछ ।

### २.१.२ शोध समीक्षा

शाही (२०६५) द्वारा **चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा प्रतिवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनको उद्देश्य जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । अध्ययन विधिका रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । समग्रताका आधारमा चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा प्रतिवेदन लेखन क्षमताको राम्रो रहेको निष्कर्ष निकालिएको छ । विद्यालय प्रकृतिका आधारमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता राम्रो रहेको पाइएको छ । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको भन्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको चिठी तथा अनुच्छेद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । चिठी तथा निवेदन लेखन र प्रस्तुत शीर्षक बुँदाटिपोट दुवै लेखन सिपसँग सम्बन्धित रहेकोले प्रस्तुत अध्ययनलाई तथ्याङ्क सङ्कलन र विश्लेषणमा धेरथोर सहयोग गर्दछ । यति हुँदाहुँदै पनि शीर्षक, उद्देश्य, आदिका आधारमा प्रस्तुत अध्ययन उक्त अध्ययनभन्दा मौलिक रहेको छ ।

गौतम (२०६७) द्वारा **कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । अङ्ग्रेजी माध्यम र नेपाली माध्यममा पढाइ हुने उच्च मा.वि. का आधारमा, लिङ्गगत आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, त्यससँग सम्बन्धित कमीकमजोरीको निराकरण गर्नु र आवश्यक सुझाव दिनु यस अध्ययनको उद्देश्य रहेको छ । यसमा अध्ययन विधिका रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययनको निष्कर्षमा नेपाली माध्यमबाट पढाइ हुने विद्यालयका विद्यार्थीकोभन्दा अङ्ग्रेजी माध्यमबाट पढाइ हुने उच्च माध्यमिक विद्यालय कक्षा बाह्रको विद्यार्थीहरूको क्षमता राम्रो रहेको निष्कर्ष पाइन्छ । लिङ्गगत आधारमा छात्राको भन्दा छात्रको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यो अध्ययन पनि लेखन सिपसँग सम्बन्धित रहेकोले प्रस्तुत अध्ययनका सैद्धान्तिक आधार निर्माण गर्न, सामग्री सङ्कलन गर्न धेरथोर सहयोग गर्दछ । यति हुँदाहुँदै

पनि शीर्षक, उद्देश्य, अध्ययनीय क्षेत्र, तह आदिका आधारमा प्रस्तुत अध्ययन उक्त अध्ययनभन्दा विशिष्ट रहेको छ ।

राय (२०६८) द्वारा **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध पत्र तयार गरिएको छ । अनुच्छेद लेखन सैद्धान्तिक परिचय प्रस्तुत गर्नु, कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति पत्ता लगाउनु, लिङ्गगत आधारमा, भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेद लेखन क्षमताको स्थिति पहिचान गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । यसमा रौतहट जिल्लाका कक्षा नौमा अध्ययनरत ६० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । शोध अध्ययन विधिका रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको देखिएको छ । त्यसैगरी लिङ्गगत आधारमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको अनुच्छेद लेखन क्षमता उत्तम रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा रौतहट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो नभएकोले सुधारका लागि सुझावहरू दिइएको पाइन्छ । यो अध्ययन पनि लेखन सिपसँग नै सम्बन्धित रहेकोले प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन गर्न धेरथोर सहयोग गर्दछ । यस अध्ययनभन्दा प्रस्तुत अध्ययन अध्ययनीय शीर्षक, क्षेत्र विविधताले गर्दा मौलिक रहेको छ ।

ओली (२०६८) द्वारा **रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । रुकुम जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लिङ्गगत आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । अध्ययन विधिका रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययनको निष्कर्षमा विद्यालय प्रकृतिका आधारमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता राम्रो रहेको, लिङ्गगत आधारमा छात्रभन्दा छात्राको क्षमता राम्रो रहेको, भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको भन्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययन पनि लेखन सिपसँग

सम्बन्धित रहेकोले प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन र विश्लेषणमा धेरथोर सहयोग गर्दछ । यति हुँदाहुँदै पनि शीर्षक, उद्देश्य, अध्ययनीय क्षेत्र आदिका आधारमा प्रस्तुत अध्ययन उक्त अध्ययनभन्दा विशिष्ट रहेको छ ।

रावल (२०७०) द्वारा **कैलाली जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । बर्दिया जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको समग्रताको आधारमा, विद्यालयको प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लिङ्गगत आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु, उक्त विद्यार्थीहरूको बुँदाटिपोटसम्बन्धी कमजोरी पत्ता लगाउनु र निराकरणका लागि सुझाव दिनु यस शोधपत्रको उद्देश्य रहेको पाइन्छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी सम्पन्न गरिएको उक्त अध्ययनको नमुना छनोटका रूपमा कैलाली जिल्लाका सामुदायिक दुई र संस्थागत दुई गरी जम्मा चारवटा विद्यालयका ८० जना विद्यार्थीमा सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनका निष्कर्षमा समग्रमा बुँदाटिपोट क्षमताको स्थिति सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको पाइन्छ । विद्यालयको प्रकृतिको आधारमा हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपाट क्षमता राम्रो रहेको देखिन्छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको भन्दा दोस्रोभाषी विद्यार्थीहरूको क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । त्यसैगरी लिङ्गगत आधारमा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । बुँदाटिपोट क्षमता विकासका लागि शिक्षकले सबै विद्यार्थीहरूका रुचि, इच्छा, समस्यालाई ध्यानमा राखी अभ्यास गराउनु पर्ने सुझाव पनि दिइएको पाइन्छ । उक्त अध्ययनले प्रस्तुत अध्ययनका उद्देश्य निर्धारण गर्न निकै सहयोग गर्दछ । उक्त अध्ययनभन्दा अध्ययनीय तह, क्षेत्र विविधताले गर्दा प्रस्तुत अध्ययन मौलिक रहेको छ ।

ढुङ्गेल (२०७१) द्वारा **पाँचथर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । पाँचथर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु, बुँदाटिपोटमा शिक्षकको भूमिका पहिचान गर्नु

यस शोधपत्रको उद्देश्य रहेको पाइन्छ । सर्वेक्षण विधिको प्रयोग गरी सम्पन्न गरिएको उक्त अध्ययनको निष्कर्षमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी लैङ्गिकताको आधारमा छात्राको भन्दा छात्रको क्षमता राम्रो रहेको निचोड निकालिएको देखिन्छ । यस अध्ययनमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको भन्दा दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कमजोर रहेको निचोड निकालिएको छ । प्रस्तुत अध्ययन र यसका तिनवटा उद्देश्य र अध्ययनीय तह बिच समानता भएकोले समस्या पहिचान, उद्देश्य निर्धारण गर्न पर्याप्त सहयोग गर्दछ । प्रस्तुत अध्ययनको अध्ययनीय क्षेत्र फरक भएकाले उक्त शोधपत्रभन्दा विशिष्ट रहेको छ ।

पौडेल (२०७१) द्वारा **ताप्लेजुङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन** शीर्षकको शोधपत्र तयार गरिएको छ । यस शोधपत्रको उद्देश्य ताप्लेजुङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको समग्र अध्ययन गर्नु, विद्यालयको प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताको आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गर्नु रहेको छ । उक्त शोधकार्यको सामग्री सङ्कलन क्षेत्रीय अध्ययन विधिबाट गरिएको पाइन्छ । सङ्कलित तथ्याङ्क विश्लेषण गर्दा समग्रमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । विद्यालयको प्रकृतिको आधारमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता राम्रा रहेको देखिएको छ भने भाषिक पृष्ठभूमिका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको भन्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो देखिएको निष्कर्ष प्रस्तुत गरिएको पाइन्छ । त्यसैगरी लैङ्गिकताका आधारमा छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनसँग प्रस्तुत अध्ययनको उद्देश्य, अध्ययनीय तहमा पर्याप्त समानता रहेकोले समस्या पहिचान, अध्ययनका लागि सामग्री सङ्कलन गर्ने प्रक्रिया समेतको जानकारी गराई निकै सहयोग पुऱ्याउँछ । उक्त शोधसँग केही समानता रहे तापनि कक्षागत विविधता, अध्ययनीय क्षेत्रको विविधताका आधारमा उक्त शोधको तुलनामा प्रस्तुत शोधकार्य धेरै मौलिक रहेको छ ।

डाँगी (२०७१) द्वारा **बर्दिया जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । बर्दिया जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको समग्रताको आधारमा, विद्यालयको प्रकृतिका आधारमा,

भाषिक पृष्ठभूमिका आधारमा र लिङ्गगत आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु, उक्त विद्यार्थीमा बुँदाटिपोट सम्बन्धी कमजोरी पत्ता लगाउनु र निराकरणका लागि सुझाव दिनु यस शोधपत्रको उद्देश्य रहेको पाइन्छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको उक्त अध्ययनको निष्कर्षमा समग्रमा बुँदाटिपोट क्षमताको स्थिति सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको छ । विद्यालयको प्रकृतिको आधारमा हेर्दा संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीभन्दा नेपाली दोस्रोभाषी विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष प्रस्तुत गरिएको पाइन्छ । त्यसैगरी लिङ्गगत आधारमा छात्रा विद्यार्थीको भन्दा छात्र विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । बुँदाटिपोट क्षमता विकासका लागि शिक्षकले सबै विद्यार्थीका रुचि, इच्छा, समस्यालाई ध्यानमा राखी अभ्यास गराउनु पर्ने सुझाव पनि दिइएको पाइन्छ । उक्त अध्ययनले प्रस्तुत अध्ययनको सैद्धान्तिक अवधारणा निर्माणका लागि धेरै सहयोग गर्दछ । उक्त अध्ययनभन्दा प्रस्तुत अध्ययन अध्ययनीय तह, क्षेत्र विविधता र उद्देश्यगत रूपमा विशिष्ट रहेको छ ।

भण्डारी (२०७१) द्वारा **स्नातक प्रथम अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन** गरिएको छ । प्रस्तुत शोधपत्रको उद्देश्य स्नातक तह प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, क्याम्पसका प्रकृतिका आधारमा र लैङ्गिकताको आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गर्नु रहेको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी सम्पन्न गरिएको यस अध्ययययनमा दुईवटा आङ्गिक क्याम्पस र दुईवटा सामुदायिक क्याम्पस गरी जम्मा चारवटा क्याम्पसका ८० जना विद्यार्थीलाई नमुना छनोट गरिएको छ । अध्ययनको निष्कर्षमा समग्रमा बुँदाटिपोट क्षमता सन्तोषजनक नरहेको, क्याम्पस प्रकृतिका आधारमा संस्थागतभन्दा सामुदायिक क्याम्पसका विद्यार्थीहरूको क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ । लैङ्गिकताको आधारमा छात्रा र छात्र दुवैको बुँदाटिपोट क्षमताको स्तर समान रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस अध्ययनले प्रस्तुत अध्ययनका लागि सैद्धान्तिक अवधारणा निर्माण, सामग्रीको सङ्कलन र विश्लेषणमा पर्याप्त सहयोग गर्दछ । अध्ययनीय तह, क्षेत्रगत भिन्नता, उद्देश्यगत विविधताले गर्दा यस अध्ययनभन्दा प्रस्तुत अध्ययन विशिष्ट रहेको छ ।

सिग्देल (२०७२) द्वारा **तनहुँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध पत्र तयार गरिएको छ । उक्त अध्ययनको उद्देश्यहरू विद्यालय प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु रहेको छ । यस अध्ययनमा तनहुँ जिल्लाका कक्षा नौमा अध्ययनरत ६० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । शोध अध्ययन विधिका रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको निचोड निकालिएको पाइन्छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीको भन्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको देखिएको छ । त्यसैगरी लैङ्गिक आधारमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको अनुच्छेद लेखन क्षमता उत्तम रहेको निष्कर्ष निकालिएको छ । यो अध्ययनले प्रस्तुत अध्ययनका सामग्री सङ्कलन गर्न धेरथोर सहयोग गर्दछ । यस अध्ययनभन्दा प्रस्तुत अध्ययन अध्ययनीय तह, क्षेत्र विविधताले गर्दा भिन्न रहेको छ ।

पचभैया २०७२) द्वारा **गुल्मी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** गरिएको छ । उक्त अध्ययनको उद्देश्यहरू कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, आठ कक्षामा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा, लैङ्गिकताको आधारमा र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । यस अध्ययन क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी सम्पन्न गरिएको छ । यस अध्ययनको निष्कर्षमा समग्रमा विद्यार्थीहरूको क्षमता मध्यम रहेको देखिन्छ । विद्यालय प्रकृतिका आधारमा सरकारी विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष प्रस्तुत गरिएको छ भने भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको देखिएको छ । लैङ्गिकताको आधारमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको अनुच्छेद लेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । यो अध्ययन र प्रस्तुत अध्ययन दुवै लेखन सिपसँग सम्बन्धित रहेकाले प्रस्तुत अध्ययनको उद्देश्य निर्धारण र सामग्री सङ्कलन गर्न धेरथोर सहयोग गर्दछ । यस अध्ययनभन्दा प्रस्तुत अध्ययन अध्ययनीय उद्देश्य, क्षेत्र विविधताले गर्दा भिन्न रहेको छ ।

क्षेत्री (२०७२) द्वारा **कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन** शीर्षकको शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधपत्रको उद्देश्य कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको समग्र अध्ययन गर्नु, विद्यालयको प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताको आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गर्नु रहेको छ । उक्त शोधकार्य सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । सङ्कलित तथ्याङ्क विश्लेषण गर्दा समग्रमा विद्यार्थीहरूको क्षमतामा विविधता रहेको निष्कर्ष निकालिएको छ । विद्यालयको प्रकृतिको आधारमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता राम्रो रहेको निष्कर्ष पाइन्छ । भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली पहिलोभाषी विद्याथीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको देखिएको छ । लैङ्गिक पृष्ठभूमिका आधारमा छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनसँग प्रस्तुत अध्ययनको उद्देश्य, अध्ययनीय तहमा समानता रहेकोले प्रस्तुत अध्ययनको शीर्षक छनोट, समस्या पहिचान, उद्देश्य निर्धारण गर्न पर्याप्त सहयोग गर्दछ । कक्षागत विविधता, अध्ययनीय क्षेत्र विविधताका आधारमा उक्त शोधको तुलनामा प्रस्तुत शोधकार्य मौलिक रहेको छ ।

भट्टराई (२०७२) द्वारा **जुम्ला जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** गरिएको छ । उक्त अध्ययनको उद्देश्यहरू कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, आठ कक्षामा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा, लैङ्गिकताको आधारमा र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी यस अनुसन्धान सम्पन्न गरिएको छ । अध्ययनको निष्कर्षमा समग्रमा विद्यार्थीको अनुच्छेद लेखन क्षमता सामान्य रहेको निष्कर्ष पाइन्छ । विद्यालय प्रकृतिका आधारमा सरकारी विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको पाइएको देखिन्छ भने भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीभन्दा पहिलोभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको देखिएको छ । त्यसैगरी लैङ्गिक आधारमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको अनुच्छेद लेखन क्षमता उत्तम रहेको निष्कर्ष निकालिएको छ । यो अध्ययन र

प्रस्तुत अध्ययन दुवै लेखन सिपसँग सम्बन्धित रहेकाले प्रस्तुत अध्यययनको सामग्री सङ्कलन गर्न धेरथोर सहयोग गरेको छ । यस अध्ययनभन्दा प्रस्तुत अध्ययन अध्ययनीय उद्देश्य, क्षेत्र विविधताले गर्दा भिन्न रहेको छ ।

राई (२०७२) द्वारा **ललितपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन** गरिएको छ । उक्त अध्ययनको उद्देश्य समग्रमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, विद्यालयका प्रकृतिका आधारमा र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताका अध्ययन गर्नु रहेको छ । शोधको अध्ययन विधिका रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । ललितपुर जिल्लाका चारवटा विद्यालयको ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरी जनसङ्ख्याको रूपमा लिइएको छ । अध्ययनको निष्कर्षमा विद्यालयको प्रकृतिको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीको क्षमता राम्रो देखिएको छ । लैङ्गिक पृष्ठभूमिका आधारमा छात्र र छात्रा विद्यार्थीको तुलना गर्दा विद्यार्थीको क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । समग्रतामा सबैभन्दा तल्लो श्रेणीमा ९ प्रतिशत रहेको छ भने माथिलो श्रेणी ४ प्रतिशत रहेकोले निष्कर्षमा ललितपुर जिल्लाका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको पाइन्छ । यस अध्ययनका दुईवटा उद्देश्य र अध्ययनीय जिल्लाका आधारमा समानता भएकाले यस अध्ययनले समस्या निर्धारण, उद्देश्य निर्धारण, सामग्री सङ्कलनमा पर्याप्त सहयोग गरेको छ । अध्ययनीय कक्षा र क्षेत्र भिन्नताले उक्त अध्ययनभन्दा प्रस्तुत अध्ययन विशिष्ट रहेको छ ।

उपर्युक्त अध्ययनहरू जे जति भएका छन्, ती आफैमा पूर्ण हुँदाहुँदै पनि आ आफ्नै प्रकारका छन् । बुँदाटिपोट क्षमतासम्बन्धी गरिएका कुनै एक दुईवटा अध्ययनले मात्र सबै क्षेत्रका, सबै प्रकारका बुँदाटिपोट क्षमताको समस्या सम्बोधन गर्न नसक्ने हुनाले पनि यी अध्ययनहरूको अपूर्णतालाई पूर्ण बनाउन र इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताका अध्ययनलाई कुनै पनि अनुसन्धानले समेट्न नसकेको हुनाले प्रस्तुत अध्ययन अरु अध्ययनभन्दा पृथक रहेको छ ।

## २.२ पूर्व अध्ययनको महत्त्व

जुनसुकै कार्यलाई सफल र प्रभावकारी बनाउन त्यससँग सम्बन्धित पहिले गरिएका कार्यहरूको अध्ययनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । अनुसन्धानका क्रममा आफ्नो अनुसन्धान शीर्षकसँग सम्बन्धित अनुसन्धान भएका, हुन बाँकी रहेका क्षेत्रहरू पत्ता लगाई आफ्नो अनुसन्धानलाई गहन र उद्देश्यमूलक बनाउने काम गर्दछ । पूर्व कार्यको अध्ययनले समस्यालाई पहिचान गर्न सहयोग पुग्दछ । पूर्व अध्ययनबाट अध्यायनीय विषयको पुनरावृत्ति नहुने हुनाले अनावश्यक कार्यमा अल्मलिन नपर्ने हुनाले पनि अध्ययन प्रभावकारी बन्दछ । यसका साथै यसले शोधकार्यको उद्देश्य, सीमा निर्माण, विधि, समस्या समाधान आदिमा सहयोग गर्दछ । यसले अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन, नँया सिद्धान्तको खोजी गर्न उपयोगी हुन्छ । पहिले भएका अध्ययनको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका श्रेय पत्ता लगाउन मद्दत गर्ने हुनाले पनि पूर्व अध्ययनको महत्त्व रहेको छ । नँया कार्यलाई सही मार्गनिर्देश गर्ने हुनाले पूर्व अध्ययनको महत्त्व रहेको पाइन्छ ।

## २.३ सैद्धान्तिक अवधारणा

### २.३.१ परिचय

भाषा मानवीय सञ्चारको प्रणाली हो । संस्कृतको भाष धातुमा 'आ' प्रत्यय लागेर बनेको भाषा शब्दले बोली भन्ने अर्थ र आधार धातु 'भाष' ले बोल्नु, प्रकट गर्नु वा भन्नु अर्थ दिन्छ । भाषा विचार विनिमयमको परम्परित माध्यम हो जसको प्रयोग ध्वनि सङ्केत वा लिपिचिन्हद्वारा हुने गर्दछ । भाषा सामाजिक र मानवीय वस्तु भएकोले यसको प्रयोग मानव समाजमा हुन्छ । भाषाविना मानव समाजको कल्पना पनि गर्न सकिँदैन । भाषा मानव मात्रको निजी पेवा हो र समाजद्वारा पिढी दरपिढी हुदैँ प्राप्त हुने वस्तु हो । भाषा आर्जन घरपरिवार र छरछिमेकको सम्पर्कबाट स्वतः हुँदै जान्छ भने अर्कातिर औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ । कुनै पनि भाषाका मौखिक र लिखित दुई माध्यम हुन्छन् । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रक्रियामा आधारित हुन्छ र यसको प्रयोग वक्ता स्रोताको सामीप्यमा आधारित हुन्छ । लेख्य भाषा श्रव्यात्मक नभई दृश्यात्मक हुन्छ त्यसैले यसमा वक्ता स्रोताको सामीप्य चाहिँदैन ।

भाषालाई विकसित रूपमा अघि बढाउन भाषिक सिप शिक्षणको आवश्यकता पर्दछ । भाषिक सिप शिक्षण भनेको भाषा शिक्षण नभई सिपको शिक्षण हो । भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ पर्दछन् । भाषाका यी चारवटा सिपमध्ये लेखाइ सिप पनि महत्त्वपूर्ण सिप हो । सुनेका, बोलेका, पढेका कुरालाई सिलसिला मिलाई अभिव्यक्त गर्ने काम लेखाइ सिपबाट मात्र सम्भव छ । आफ्ना विचार, अनुभव, धारणा तथा ज्ञान र सिपलाई मौन रूपमा प्रशारण गर्ने महत्त्वपूर्ण भाषिक माध्यमको रूपमा लेखाइलाई लिइन्छ । मनका विचारको अभिव्यक्ति बोलेर पनि गर्न सकिन्छ तर त्यो चिरस्थायी हुँदैन । लेखाइ एकातिर चिरस्थायी हुन्छ भने अर्कोतिर बोलेर व्यक्त गर्न नसकिने अवस्थामा लेखेर विचार व्यक्त गर्न सकिन्छ । लेखाइबाट हरेक अनुभव गरेका र पढेका कुरालाई सम्झनका लागि सञ्चित एवम् सुरक्षित राखी भविष्यका लागि समेत चाहेको बेलामा उपयोग गर्न सकिन्छ । लेखाइ सिपको प्रयोग घर व्यवहारदेखि लिएर विभिन्न क्षेत्रमा हुने गर्दछ । विद्यालयको औपचारिक शिक्षामा शिक्षकले भनेका र आफूले बुझेका कराको टिपोट वा सञ्चय गर्न, कक्षाकार्य गर्न, गृहकार्य गर्न र परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्न पनि यसको विशेष भूमिका रहेको छ । लेखाइबाट आफ्ना अभिव्यक्ति अरु समक्ष पुऱ्याउने व्यक्ति सामान्य व्यक्तिभन्दा उच्च र मर्यादित हुने गर्दछ । यस अर्थमा लेखाइ सिपलाई आफ्ना विचार तथा अनुभवहरू व्यक्त गर्ने लिखित माध्यम, अनुभवहरूको सञ्चय र प्रशारण गर्ने माध्यम, व्यावहारिक कार्यसम्पादन गर्ने आधारभूत माध्यम र सिर्जनात्मक प्रतिभा प्रकाशनको सशक्त माध्यमका रूपमा लिन सकिन्छ । लेखाइ सिपका लागि शब्द, लिपि, अर्थ एवम् वाक्य संरचनाको पूर्व ज्ञान आवश्यक पर्दछ । लेखाइ सिपको माध्यमबाट अभिव्यक्ति दिँदा सामान्य कुराको त्रुटिले पनि व्यापक फरक पर्न जान्छ त्यसैले लेखाइमा अभ्यस्त हुन विद्यालय तह र त्योभन्दा माथिल्ला तहमा अनुलेखन, श्रुतिलेखन, वस्तु वा चित्र वर्णन, घटना वर्णन, सारांश लेखन, अनुच्छेद लेखन, निबन्ध लेखन, बुँदाटिपोट, प्रश्नोत्तर, कथा लेखन जस्ता विभिन्न कार्यकलाप अपनाइन्छ । ती विविध कार्यकलापमध्ये माध्यमिक तहमा अपनाइने कार्यकलाप बुँदाटिपोट पनि एक हो ।

बुँदाटिपोट कुनै विधागत वा अनुच्छेदको मुख्य कुरालाई बुँदागत रूपमा लेख्नु हो । बुँदाटिपोट क्षमताले कुनै अनुच्छेदको मुख्य कुरालाई बुँदागत रूपमा टिप्न सक्ने सामर्थ्यलाई बुझाउँछ । सुनेका, बोलेका, पढेका कुराको सूत्रबद्ध टिपोटलाई बुँदाटिपोट भनिन्छ । लामालामा पाठ वा भनाइहरू लामो समयसम्म स्मरण गर्न सकिँदैन । त्यस्तै लिखित वा मौखिक अभिव्यक्तिमा सबै कुरा महत्त्वपूर्ण नहुन पनि सक्छन् । त्यस्ता लामा लेख र

भनाइबाट व्यक्तिलाई आवश्यक पर्ने कुरा मात्र टिपोट गरी लामो समयसम्म स्मरण गर्न बुँदाटिपोटले सहयोग पुऱ्याउँछ । बुँदाटिपोट एक प्रकारको कला हो । बोध सार्मथ्य भएका व्यक्तिले मात्र राम्रोसँग बुँदाटिपोट गर्न सक्छ । बुँदाटिपोटको सामग्री राम्रोसँग अध्ययन नगरी र त्यसलाई राम्ररी नबुझी बुँदाटिपोट गर्न सकिँदैन । त्यसैले यो बोध सामर्थ्य र लेखन सिप दुवैको जाँच गर्ने कसी हो ।

शिक्षणका क्रममा शिक्षकले कक्षामा व्याख्या गरेका कुरा सुनेर सम्झनाका लागि बुँदाटिपोटले मदत गर्छ । त्यसैगरी विभिन्न स्रोतबाट प्राप्त ज्ञानलाई सम्झन, कुनै कृति वा रचनाको मुख्य विषयवस्तु सम्झन र आफूले व्यक्त गर्न चाहेको कुरा थोरै शब्दमा धेरै विचार व्यवस्थित तरिकाले राख्न पनि बुँदाटिपोटले सहयोग पुऱ्याउँछ । बुँदाटिपोट गरेर लेखिएका लेखन बढी व्यवस्थित हुन्छ । लेखनलाई बढी व्यवस्थित र ठोस बनाउन बुँदाटिपोटले मदत गर्दछ । मौखिक अभिव्यक्तिमा रहेका सारभूत कुरालाई सूत्रका रूपमा टिपोट गर्न सकेमा त्यसबाट स्रोताले फाइदा लिन सक्छ । त्यस्तै मान्छेका मनमा उठेका विभिन्न भाव वा भावनालाई यथा समयमा टिपोट गर्न नसक्दा ती अमूल्य विचार वा भावना विस्मृति भएर जाने हुँदा त्यसलाई जोगाउने काम बुँदाटिपोटले गर्ने हुँदा बुँदाटिपोट गर्ने बानीले कृति रचना गर्न पूर्वतयारी गर्नुका साथै स्मरण क्षमतामा पनि बृद्धि हुन्छ ।

### २.३.१ बुँदाटिपोटको परिभाषा

कुनै विधागत वा अनुच्छेदको मुख्य कुरालाई बुँदाहरू टिपोट गर्ने कार्यलाई बुँदाटिपोट भनिन्छ । बुँदाटिपोट गर्न सक्ने सामर्थ्यलाई बुँदाटिपोट क्षमता भनिन्छ । बुँदाटिपोटको बारेमा विभिन्न व्यक्तिले विभिन्न परिभाषाहरू दिएका छन् । शर्मा र पौडेल (२०६५) ले **नेपाली भाषा शिक्षणका सन्दर्भहरू** नामक पुस्तकमा पठित वा श्रुतिभाषिक, अभिव्यक्ति वा सङ्कथनका साथै सोचाइ र अनुभवका सारभूत कुराहरूलाई बुझी तिनलाई बोधात्मक एकाइहरूमा लेख्नु नै बुँदाटिपोट हो भनेर परिभाषा दिएका छन् (पृ. १५०) । (ज्ञवाली र ज्ञवाली (२०६५) ले **शैक्षिक तथा सिर्जनात्मक लेखन** नामक पुस्तकमा कुनै कथन वा लिखित सामग्रीका मुख्य मुख्य कुरा पहिल्याएर सङ्ख्यात्मक रूपमा लेख्नु नै बुँदाटिपोट हो भनेर परिभाषित गरेका छन् (पृ :१५१) । बराल र एटम (२०६६) ले **अनिवार्य नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास** नामक पुस्तकमा दिइएको पाठमा रहेका सारपूर्ण बुँदाहरूलाई टिपोट गर्नु नै बुँदाटिपोट हो भनेका छन् (पृ. १५६) । शर्मा (२०६६) ले

**शब्दरचना र वर्णविन्यास** नामक पुस्तकमा दिइएको पाठलाई बुझेर त्यसमा निहित तोकिएका मूलभूत कुराहरू ठम्याइ टिप्नु बुँदाटिपोट हो भनेर परिभाषा दिएका छन् (पृ. २६६) । गौतम र अन्य (२०७०) द्वारा लिखित **स्नातक नेपाली** नामक पुस्तकमा सुनेका, देखेका वा अनुभव गरेका कुराहरूको सूत्रबद्ध टिपोट बुँदाटिपोट हो भन्ने परिभाषा दिइएको पाइन्छ (पृ. ३०) । यी विभिन्न विद्वानहरूको परिभाषालाई समग्रमा हेर्दा कुनै विषयमा रहेका मुख्य कुरालाई बुँदामा टिप्नु नै बुँदाटिपोट हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### २.३.३ भाषिक सिप र बुँदाटिपोटको सम्बन्ध

भाषालाई विषयवस्तु बुझ्ने र व्यक्त गर्ने माध्यम मानिन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारवटा सिपहरू छन् । यसलाई भाषिक सिप भनिन्छ । अभ्यासद्वारा प्राप्त हुने भाषिक क्रियाकलापहरूलाई भाषिक सिप भनिन्छ । बुँदाटिपोट भाषिक कार्यकलापअन्तर्गतको एउटा कार्यकलाप भएकाले यी चारवाटै भाषिक सिपसँग धेरथोर अन्तर्सम्बन्धित रहेको पाइन्छ । भाषिक सिप र बुँदाटिपोटको सम्बन्धलाई यसरी देखाउन सकिन्छ :

#### (क) सुनाइ सिप

भाषाका कुनै व्यक्तिले बोलेको वा पाठ्य सामग्रीलाई मौखिक रूपमा प्रस्तुत गरेको सुनेर बुझ्नुलाई सुनाइ सिप भनिन्छ । भाषाका चारवटा सिपमध्ये यो पहिलो र महत्त्वपूर्ण सिप हो । सुनाइका माध्यमबाट अन्य सिपहरूको विकास हुन्छ । भाषा शिक्षण कार्यकलाप पनि यसबाट नै सुरू हुन्छ । भाषाका बोध र अभिव्यक्ति पक्षमध्ये यो बोध पक्षसँग सम्बन्धित रहेको छ (पौडेल २०७० : ३१) । बुँदाटिपोट पनि भाषाका बोध पक्षसँग सम्बन्धित रहेको छ किनकि बुँदाटिपोट गर्ने व्यक्तिले बिषयवस्तुलाई राम्ररी बोध गरेको हुनुपर्छ अनि मात्र बुँदाटिपोट गर्न सक्छ । कक्षामा शिक्षकले भनेका कुरालाई राम्रोसँग बोध गरी मुख्य कुरा टिपोट गरेर दीर्घकालसम्म सञ्चित गर्न सकिन्छ (लम्साल र अन्य २०७० : ३०) । सुनेका विषयवस्तुलाई पनि राम्ररी बोध गरी ती ज्ञानलाई दीर्घकालीन बनाउँन बुँदाटिपोट गरिने हुनाले सुनाइ सिप र बुँदाटिपोट एकआपसमा अन्तर्सम्बन्धित रहेको पाइन्छ ।

### (ख) बोलाइ सिप

आफ्ना मनमस्तिष्कमा रहेका भाव एवम् विचारहरू अरु समक्ष मौखिक रूपमा व्यक्त गर्नुलाई बोलाइ भनिन्छ । बोलाइ सिपद्वारा सुनेका, पढेका, देखेका तथा अनुभव गरेका कुरालाई अरु समक्ष प्रस्तुत गरी त्यसबाट आफ्ना मनोकाङ्क्षा पुरा गर्दछ (शर्मा र पौडेल २०६८ : २८३ ) । बोलाइ सिप भाषाको अभिव्यक्ति पक्षसँग सम्बन्धित छ । बोलाइ सिप व्यक्तिको व्यक्तित्वलाई परिचित गराउने उत्तम उपाय हो । कथाकथन, वादविवाद, वक्तृत्व, भाषण आदि यसका कार्यकलापहरू हुन् । विद्यार्थीहरूलाई व्यवस्थित, सिलसिलाबद्ध बोल्ने बानीको विकास गर्न बुँदाटिपोटले सहयोग गर्दछ । महत्त्वपूर्ण विषयवस्तुलाई नछुटाइ बोल्ने बानीको विकासमा पनि बुँदाटिपोटले सहयोग गर्ने हुनाले बोलाइ सिप र बुँदाटिपोट आपसमा सम्बन्धित देखिन्छन् ।

### (ग) पढाइ सिप

लिपिबद्ध गरिएका सामग्रीमा व्यक्त विचार एवम् भावलाई ग्रहण गर्नुलाई पढाइ भनिन्छ । पढाइमा आँखा र मस्तिष्कको संग्लनता रहन्छ । निरक्षरहरूको सुनाइ विषयवस्तु वा अभिव्यक्ति बुझाइको महत्त्वपूर्ण माध्यम हो भने शिक्षितहरूको लागि पढाइ मुख्य माध्यम हो । पढाइ ज्ञान विकासका विभिन्न उपायहरूमध्ये प्रभावशाली उपाय हो । ज्ञान विज्ञानको क्षेत्रमा दिनानुदिन विकसित भएका नँया नँया विचार ग्रहण गर्न यसको आवश्यकता पर्दछ । पढाइ मूलतः सस्वर र पढाइ गरी दुई प्रकारको हुन्छ । लिपिबद्ध रहेका ज्ञान र विचारलाई आवाज निकालेर पढ्नु सस्वर पढाइ हो भने मनमनै पढ्नु मौन पढाइ हो । बुँदाटिपोटको सम्बन्ध भाषाको बोध पक्षसँग रहेकोले पनि यिनीहरू आपसमा सम्बन्धित देखिन्छ । कुनै विषयवस्तुबाट बुँदाटिपोट गर्नुभन्दा अघि उक्त अनुच्छेद राम्ररी पढेर बोध गर्न अनिवार्य हुन्छ । विषयवस्तुको बोध नभई बुँदाटिपोट कार्य गर्न सकिँदैन (गौतम र अन्य २०७० :३०) । आफूले पढेका विषयवस्तुलाई दीर्घकालसम्म सम्झन बुँदाटिपोट आवश्यक रहेकोले बुँदाटिपोट र पढाइ सिपको सम्बन्ध रहेको छ ।

### (घ) लेखाइ सिप

भाषाका चार सिपमध्ये लेखाइ सिप एक प्रदानात्मक सिप हो । सुनेका, देखेका, पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्ने कार्य लेखाइ सिपबाट मात्र सम्भव छ । आफ्ना अभिव्यक्तिलाई लिपिबद्ध रूपले व्यक्त गर्ने माध्यम लेखाइ हो । टाढा रहेका व्यक्तिसम्म आफ्ना भावना पुऱ्याउन, कुनै प्रसङ्गमा आएका विचारलाई दीर्घकालसम्म सञ्चित गरेर राख्न, दैनिक व्यावहारिक कार्य सम्पन्न गर्न, सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको खाँचो पर्दछ । लेखाइ अभिव्यक्ति विशिष्ट सिप भएकोले शिक्षण सिकाइ प्रक्रियाको दृष्टिले लेखाइ सिपको निकै महत्त्व रहेको छ । त्यसैगरी हरेक परिस्थितिमा अभिव्यक्त विचारलाई लेखाइका माध्यमले सुरक्षित वा प्रापकसम्म पुऱ्याउन लेखाइ सिपको महत्त्व हुन्छ । कुनै पनि कुरालाई सञ्चित, सुरक्षित एवम् सङ्गठित रूपमा भविष्यका लागि समेत उपयोग गर्न सकिने बनाउन लेखाइको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (ढुङ्गेल २०७१: १४) । लेखाइ सिप विकासका लागि विभिन्न कार्यकलाप गराइन्छ । तीमध्ये बुँदाटिपोट पनि एक हो । कुनै विषयमा लिखित वर्णनका लागि त्यससँग सम्बन्धित मुख्य मुख्य कुराहरू टिप्नु बुँदाटिपोटको कार्यकलापअन्तर्गत पर्दछन् । बुँदाटिपोट गरी लेखिएको सामाग्री बढी व्यवस्थित हुन्छ (अधिकारी २०६९ : १३५) । कम शब्दमा पनि तर्कहरू समायोजन गरेर गहन र प्रभावकारी लेखनका लागि बुँदाटिपोट महत्त्वपूर्ण अभ्यास भएकोले लेखाइ सिप र बुँदाटिपोट अन्तर्सम्बन्धित रहेको पाइन्छ ।

## २.३.४ बुँदाटिपोटका विशेषताहरू

लेखाइ सिपको विकास गराउनु बुँदाटिपोटको मुख्य विशेषता हो । त्यसैले बुँदाटिपोटलाई लेखन सिपको महत्त्वपूर्ण कार्यकलाप मानिन्छ । बुँदाटिपोट कुनै पनि पाठ, अनुच्छेद, अनुभव गरेका कुरा तथा सङ्कथनको सारगर्भित प्रस्तुति हो । बुँदाटिपोट गर्नुभन्दा पहिले बुँदाटिपोटमा कस्ता कस्ता गुण वा विशेषताहरू हुन्छन् भन्ने जान्नुपर्दछ । बुँदाटिपोट क्रमबद्ध हुनुपर्दछ । यस्तै यो सूत्रात्मक, स्पष्ट र सङ्क्षिप्त हुनुपर्दछ । बुँदाटिपोटको अन्त्यमा असमापिका क्रियापदको प्रयोग हुनुपर्छ (शर्मा र पौडेल २०६८ : ३८५) । मौखिक कुरालाई सुरक्षित राख्न र लिखित कुरालाई सटिक रूपमा प्रस्तुत गर्न बुँदाटिपोट गरिन्छ । बुँदाटिपोट क्षमताको विकासले विद्यार्थीहरूमा लेखन कला विकासका साथै सिर्जनशीलता, मौलिकता,

व्याकरणात्मकता तथा वर्णविन्यासगत त्रुटि निराकरण आदि क्षमताको पनि विकास हुन्छ । यसमा घुमाउरो भनाइको प्रयोग नगरेर सोझो भनाइको प्रयोग गर्नुपर्दछ ।

### २.३.५ बुँदाटिपोटको प्रयोजन

कुनै महत्त्वपूर्ण विषयवस्तुलाई छोटो र प्रभावकारी रूपमा दर्शाउन, दीर्घकालसम्म बचाइ राख्न बुँदाटिपोट गरिन्छ । कुनै पनि पाठ वा अनुच्छेदभित्र रहेका बिषयवस्तुमध्ये मुख्य मुख्य कुरा कुराहरू सम्झनु, आफूले अनुभव गरेका, पढेका, सुनेका कुराहरू सुरक्षित राख्नु, कुनै कृति वा विधाको निमार्ण पहिले बुँदागत टिपोट गरेर सार कृतिको निमार्ण गर्नका लागि बुँदाटिपोटको आवश्यक छ (गौतम र अन्य २०७० : ३०) । देखेका, सुनेका पढेका कुराबाट मुख्य मुख्य कुरा टिपेर त्यस कुराको निचोड निकाल्नु ,लेख्ने गतिभन्दा बोल्ने गति तिव्र हुने हुँदा वक्ताले बोलेका सबै कुरा टिप्न असहज हुने भएकोले मुख्य कुरामात्र टिपेर पछि सबै कुरा सम्झनु बुँदाटिपोटको प्रयोजन हो (शर्मा २०५७ :२६७) । लामा लेख वा भनाइबाट आफूलाई आवश्यक कुरा मात्र राख्नु, कुनै लिखित र मौखिक अभिव्यक्तिका मुख्य र गौण कुरा छुट्याउने सिपको विकास गर्नु पनि बुँदाटिपोटको प्रयोजन हो (रावल २०७० : १९) । यसका साथै लेखनलाई व्यवस्थित, सिलसिलाबद्ध र ठोस बनाउनु आदि बुँदाटिपोटको प्रयोजनीय कार्य हो ।

### २.३.६ बुँदाटिपोटको महत्त्व

कुनै पनि विषयलाई बुँदागत रूपमा लेख्नु बुँदाटिपोट हो । बुँदाटिपोटको लागि मौखिक र लिखित दुई किसिमका स्रोत उपलब्ध हुन्छन् । ती उपलब्ध स्रोतको विषयलाई राम्ररी बुझेर मुख्य कुरा टिपोट गरी त्यसलाई सुरक्षित, दीर्घकालीन बनाउन सकिने हुनाले बुँदाटिपोटको महत्त्व रहेको पाइन्छ (अधिकारी २०६९ : १३५ ) । बुँदाटिपोटको महत्त्वलाई निम्नलिखित बुँदामा देखाइन्छ :

- कुनै पनि पाठ वा अनुच्छेदभित्र रहेका सबै बिषयवस्तु महत्त्वपूर्ण नहुन सक्छन् त्यसैले ती सम्पूर्ण विषयवस्तुमध्ये मुख्य मुख्य कुरा कुराहरू सम्झन मद्दत गर्दछ ।
- लामा लेख वा भनाइ स्मरण गरिरहन सम्भव हुँदैन त्यसैले ती लेख वा भनाइबाट आफूलाई आवश्यक कुरा मात्र टिपोट गरी सुरक्षित राख्न मद्दत गर्दछ ।

- बुँदाटिपोटले आफूले अनुभव गरेका, पढेका, सुनेका कुराहरू विस्मरण हुनबाट जोगाई सुरक्षित राख्न मद्दत गर्दछ ।
- कुनै कृति वा विधाको निर्माण पहिले बुँदागत टिपोट गरेर सार कृतिको निमार्ण गर्न मद्दत गर्दछ ।
- देखेका, सुनेका, पढेका, कुराबाट मुख्य मुख्य कुरा टिपेर त्यस कुराको निचोड निकाल्न मद्दत गर्दछ ।
- लेख्ने गतिभन्दा बोल्ने गति तिव्र हुने हुँदा वक्ताले बोलेका सबै कुरा टिप्न असहज हुने भएकोले मुख्य कुरामात्र टिपेर पछि सबै कुरा सम्झन मद्दत गर्दछ ।
- बुँदाटिपोटको अभ्यासले लेखनलाई व्यवस्थित, सिलसिलाबद्ध र ठोस बनाउन मद्दत गर्दछ ।

## २.३.७ बुँदाटिपोट : विधि र प्रक्रिया

बुँदाटिपोटका लागि निर्धारित सामग्रीभित्र रहेका मुख्य कुराहरू ठम्याउनका लागि मोहनराज शर्मा (२०५७ :२६७) का अनुसार निम्नलिखित विधि र प्रक्रियाहरू अपनाउन सकिन्छ :

### (क) पठन

सर्वप्रथम बुँदाटिपोटका लागि निर्धारित सावधानीपूर्वक पठन गर्नुपर्दछ । यसका लागि पाठमा निहित लेखकको उद्देश्य ठम्याउने र पाठको अभिप्राय बुझ्ने गर्नुपर्दछ ।

### (ख) पुनर्पठन

पहिलो पठनमा उद्देश्य र अभिप्राय नठम्मिए पुनर्पठन गर्नुपर्दछ । पुनर्पठनका क्रममा पाठको संरचना पनि ख्याल गर्नुपर्दछ । दोस्रो पठनमा पनि राम्ररी बुझ्न नसकेमा स्पष्ट नभइन्जेलसम्म पाठको पुर्नपठन गरिरहनु पर्छ ।

### (ग) निर्धारण

पठन वा पुनर्पठन गरेर राम्ररी पाठ बुझेपछि त्यसमा प्रयुक्त एकाशं वा बोध एकाइहरू मनमनै ठम्याएर छुट्ट्याउने र तिनको निर्धारण गर्नु पर्दछ । यो निर्धारण नै रेखाङ्कनको आधार हुनेछ ।

(घ) **रेखाङ्कन**

निर्धारण गरिएका प्रत्येक एकांशलाई पाठमा नै रेखाङ्कन गर्नु पर्दछ । पाठको कुनै पङ्क्ति वा शब्द मुन्तिर तेर्सो धर्का तान्नु रेखाङ्कन हो । यस क्रममा केन्द्रीय शब्द वा शब्दावली पनि रेखाङ्कित गर्नुपर्दछ ।

(ङ) **सङ्ख्याङ्कन**

रेखाङ्कित अंशमध्ये पाठमा निहित लेखकको उद्देश्य अनुरूपका एकांशहरू बढी महत्त्वपूर्ण हुन्छ । मूल र गौण बुँदाको वर्गीकरणका लागि पाठमै मूल बुँदाको सङ्ख्याङ्कन गर्नुपर्दछ र गौण बुँदालाई छाड्नु पर्दछ ।

(च) **फड्के टिपोट**

सङ्ख्याङ्कन गरिएका प्रत्येक रेखाङ्कित बुँदाको अति छोटो टिपोट पाठकै फड्के वा किनारामा गर्नु पर्छ । छोटो छरितो रूपमा बुँदा प्रस्तुत गर्न यो ज्यादै उपयोगी हुन्छ ।

(छ) **बुँदाउतार**

सङ्ख्याङ्कन गरिएका महत्त्वपूर्ण अंश वा त्यसको फड्के टिपोट आफ्नो कापीमा सार्ने काम नै बुँदाउतार हो । यस क्रममा प्रत्येक बुँदा एकएक अनुच्छेदमा सार्ने र अनुच्छेदमा बुँदा सार्दा सङ्ख्या लेख्नु हुँदैन । यसो नगरेर सबै बुँदालाई एउटै अनुच्छेदमा पनि सार्न सकिन्छ र यसरी सार्दा बुँदापिच्छे क्रमशः सङ्ख्या लेख्नु पर्दछ ।

(ज) **खेस्रा लेखन**

खेस्रा बनाउदा सिङ्गै वाक्य नलेखी वाक्यांश, शब्दावली, शब्द आदिका रूपमा उतार्नु पर्दछ । यस क्रममा सङ्केत र सङ्क्षिप्त शब्दको प्रयोग उपयोगी हुन्छ ।

(झ) **रुजु**

पाठसँग खेस्रा दाँजेर हेर्ने काम रुजु हो । दाँजेर हेर्दा केही छुटेको वा बढी उतारेको पाइएमा आवश्यक थपघट गर्नु पर्दछ । यसै क्रममा बुँदाको सङ्ख्या निर्देशमा निश्चित गरिएको छ भने आवश्यक थपघट गर्नु पर्दछ ।

(ञ)  **परिमार्जन**

रुजु गरिसकेपछि खेस्राको आवश्यक संशोधन र परिमार्जन गर्नु पर्दछ । यस क्रममा आवश्यक शब्द झिक्ने वा थप्ने र प्रत्येक बुँदालाई सशक्त तुल्याउनु पर्दछ । कुनै अस्पष्टता भए त्यो हटाउने, शैली माथि पनि विचार गर्नुपर्दछ ।

(ट)  **परिष्कार**

खेस्राको भाषिक परिष्कार गर्ने काम यसमा गरिन्छ । यसमा व्याकरण, वर्णविन्यास र विरामचिह्नका त्रुटिहरू सच्याउनु पर्दछ ।

(ठ)  **साफी**

संशोधित, परिमार्जन र परिष्कृत सामग्रीको अन्तिम साफी गर्ने यस चरणमा गर्नु पर्दछ । यो अन्तिम साफी नै बुँदाटिपोट हो ।

(ड)  **शीर्षक**

साफी गरिएको बुँदाहरूको सिरानमा विषयवस्तुलाई समेट्ने किसिमको छोटोमिठो शीर्षक दिनु पर्दछ ।

# अध्याय तिन
# विधि र अध्ययन प्रक्रिया

## ३.१ विषय प्रवेश

अनुसन्धान एक औपचारिक र व्यवस्थित खोजी कार्य भएकोले यसका खास विधिहरू हुन्छन् । अनुसन्धान आफैमा कठिन कार्य भएकाले पनि अध्ययनलाई सरल र सहज बनाउन शोध विधिको प्रयोग शोध कार्यको सुरुदेखि अन्तिमसम्म गरिन्छ । यस अनुसन्धान कार्यलाई प्रभावकारी रूपमा अध्ययनलाई विश्लेषण गरी निष्कर्षमा पुऱ्याउन विभिन्न किसिमको खास प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ ।

प्रस्तुत इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकको अनुसन्धान कार्यलाई अगाडि बढाउँदा विभिन्न विधि र प्रक्रियाको प्रयोग गरी इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको वास्तविक अवस्था पत्ता लगाउने प्रयास गरिएको छ । प्रस्तुत शोधकार्यलाई प्रभावकारी र विश्वासनीय बनाउन क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

अनुसन्धानले तोकेको क्षेत्रभित्र पर्ने लक्षित समूह नै जनसङ्ख्या हो । प्रस्तुत अध्ययन कार्यलाई इलाम जिल्लाका १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा समावेश गरिएको छ । प्रतिनिधि नमुना छनोटका रूपमा इलाम जिल्ला भित्रका सामुदायिक पाँच र संस्थागत पाँच गरी जम्मा १० वटा विद्यालयका जम्मा विद्यार्थीबाट सम्भावनायूक्त नमुना छनोट विधिको प्रयोग गरी पाँचजना छात्र र पाँचजना छात्रा गरी १० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोत

प्रस्तुत अध्ययनका लागि निम्नलिखित स्रोतबाट सामाग्री सङ्कलन गरिएको छ :

### ३.३.१ प्राथमिक स्रोत

यस अनुसन्धानमा प्राथमिक स्रोत सामग्री सङ्कलनको लागि क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनमा इलाम जिल्लाका १० वटा माध्यमिक विद्यालयका १०० जना विद्यार्थीहरूले दृष्टांश र अदृष्टांश गरी दुईवटा अनुच्छेदमा बुँदाटिपोट गरेका उत्तरपुस्तिकालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

यस अनुसन्धानमा पाठ्यसामग्री, पत्रपत्रिका, शोध पत्रहरू, सन्दर्भ पुस्तकहरूलाई द्वितीयक स्रोतको रूपमा प्रयोग गरिएको छ । पत्रपत्रिकामा प्रकाशित लेखहरू लगायत विषय विज्ञ, शिक्षक, प्राध्यापकहरूलाई द्वितीयक स्रोतका रूपमा लिएर अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ ।

## ३.४ सामग्रीको निर्माण

प्रस्तुत अध्ययनलाई सम्पन्न गर्न कक्षा नौको किताबबाट एउटा दृष्टांश अनुच्छेद र किताब बाहिरबाट एउटा अदृष्टांश अनुच्छेद गरी जम्मा दुईवटा अनुच्छेद सामग्रीको रूपमा निर्माण गरिएको छ । सामग्री निर्माण गर्दा शोध निर्देशक र विषय शिक्षकको सहयोग लिइएको छ ।

## ३.५ पूर्व परीक्षण

अध्ययनका क्रममा निर्मित सामग्रीहरू सही छन् वा छैनन् भन्ने कुरा पत्ता लगाउन पूर्वपरीक्षण गरिएको छ । पूर्वपरीक्षणका लागि इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत १० जना विद्यार्थीलाई बुँदाटिपोट गर्न लगाइएको छ । उक्त परीक्षणबाट सकारात्मक परिणाम प्राप्त भएकाले नमुना छनोटमा परेका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई दृष्टांश र अदृष्टांश गरी दुईवटा अनुच्छेदमा वास्तविक अध्ययन गरिएको छ । पूर्व परीक्षणबाट प्राप्त पूर्व निष्कर्षका आधारमा शोध निर्देशक, शिक्षकको सल्लाह, सुझाव लिएर वास्तविक परीक्षण अघि बढाइएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन

यस अनुसन्धानका लागि छनोट गरिएका विद्यालयमा गई प्रधानाध्यापकसँग अनुमति तथा सहयोग मागी विद्यार्थीहरूलाई नमुना छनोटमा परेका अनुच्छेद दिएर बुँदाटिपोट गर्न लगाई सामग्री सङ्कलन गरिएको छ । समग्र विद्यार्थीमध्येबाट सम्भावनायूक्त नमुना छनोट विधिको प्रयोग गरी पाँचजना छात्र र पाँचजना छात्रा गरी १० जना विद्यार्थीलाई छनोट गरी उनीहरूलाई छुट्टै कोठामा राखी परीक्षण गरिएको छ । बुँदाटिपोटका लागि विद्यार्थीहरूलाई आवश्यक निर्देशन, सल्लाह तथा सुझाव दिई निर्धारित सीमाभित्र विद्यार्थीहरूलाई बुँदाटिपोट गर्न अभिप्रेरित गरिएको छ । अन्त्यमा उत्तरपुस्तिका सङ्कलन गरिएको छ । उक्त उत्तरपुस्तिकालाई भाषिक संयोजन, स्तरीयता, भाषिक शुद्धता, प्रस्तुतीकरण, विषयवस्तुको सङ्गठन, क्रमबद्ध, मौलिकता जस्ता पक्षलाई आधार मानी निष्कर्षमा पुगिएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या विश्लेषण

अनुसन्धान कार्य आफैमा जटिल कार्य हो । यो एक्लैको प्रयासबाट यो सम्भव हुँदैन । अनुसन्धान कार्यलाई सफल बनाउन विभिन्न व्यक्ति, संघ संस्थाको सहयोगको आवश्यकता पर्दछ । त्यसैले यस अनुसन्धान कार्यलाई अघि बढाउन छनोटमा परेको विद्यालय र विद्यार्थीहरूको सहयोग लिई अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ । अनुसन्धानका क्रममा उचित वातावरण सृजना गरिदिन सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई आग्रह गरिएको छ । छनोटमा परेका विद्यालयबाट प्रतिनिधि नमुना छनोट गरी निश्चित समय तोकी निश्चित अनुच्छेद दिई बुँदाटिपोट गर्न प्रेरित गरिएको छ । विद्यार्थीहरूको बुँदाटिपोट क्षमता परीक्षण गर्दा भाषिक शुद्धताका लागि १० अङ्क, भाषिक संयोजन ५ अङ्क, प्रस्तुतीकरण ५ अङ्क, विषयवस्तुको सङ्गठन १० अङ्क, क्रमबद्ध १० अङ्क, मौलिकता १० अङ्क, गरी जम्मा ५० अङ्क प्रदान गरिएको छ । उत्तरपुस्तिका परीक्षण गरिसकेपछि प्राप्ताङ्कका आधारमा ८०-१०० प्रतिशत ल्याउनेलाई उच्चतम, ६०-८० प्रतिशत ल्याउनेलाई उच्च, ४०-६० प्रतिशत ल्याउनेलाई मध्यम, २०- ४० प्रतिशत ल्याउनेलाई निम्न र २० प्रतिशत कम ल्याउनेलाई निम्नतम श्रेणीमा वर्गीकरण गरिएको छ । बुँदाटिपोटको परीक्षण पूर्वनिर्धारित उत्तरकुञ्जिकालाई आधार मानेर गरिएको छ । पूर्वनिर्धारित उत्तरकुञ्जिकाका आधारमा उत्तरपुस्तिका परीक्षण गरी प्राप्ताङ्कलाई

उत्तरपुस्तिकाको माथिल्लो भागमा अङ्कित गरिएको छ । व्याख्या तथा विश्लेषण पश्चात तथ्याङ्कलाई स्तम्भ चित्रमा प्रस्तुत गरी तथ्याङ्क विश्लेषणमा थप सरलता ल्याउने प्रयास गरिएको छ । प्रस्तुत अध्ययनमा प्रयोग गरिएको साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

(क) मध्यमान गणना गर्न प्रयोग गरिएको सूत्र :

$$\text{मध्यमान } (\bar{x}) = \frac{\Sigma X}{N}$$

यहाँ,

$(\bar{x})$ = मध्यमान

$\Sigma X$ = प्राप्ताङ्कको कूल योगफल

$N$ = जम्मा विद्यार्थी सङ्ख्या

(ख) प्रतिशताङ्क श्रेणी गणना गर्न उपयोग गरिने सूत्र :

$$\text{प्रतिशत } P = \frac{R}{T} \times 100$$

यहाँ,

$P$ = प्रतिशत

$T$ = कूल विद्यार्थी सङ्ख्या

$R$ = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल सङ्ख्या

# अध्याय : चार

# समग्रताका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । अनुसन्धानका लागि इलाम जिल्लाका कक्षा नौमा अध्ययन गर्ने पाँचवटा सामुदायिक तथा पाँचवटा संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशत र मध्यमानका आधारमा विश्लेषण गरिएको छ । प्रतिशतका आधारमा मूल्याङ्कन गर्दा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ भने मध्यमानका आधारमा विश्लेषण गर्दा मध्यमानभन्दा कम र मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या निकालिएको छ । इलाम जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्नानुसार रहेको छ :

## ४.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**तालिका नं. १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०० | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| | ३ | ३ | १९ | १९ | ४७ | ४७ | २६ | २६ | ५ | ५ |

स्रोत : स्थलगगत अध्ययन, २०७३


तालिका नं. १ मा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्रताका आधारमा बुँदाटिपोट क्षमताको प्रतिशताङ्क देखाइएको छ । यस

अनुसार निम्नतम ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ३ जना रहेको छ भने प्रतिशतका आधारमा पनि ३ नै प्रतिशत विद्यार्थी रहेको पाइयो । २०-४० प्रतिशत अर्थात् निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ रहेको छ भने प्रतिशत पनि १९ नै रहेको छ । त्यस्तैगरी मध्यम ४०-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४७ र प्रतिशत पनि ४७ रहेको छ । उच्च अङ्क ६०-८० ल्याउने विद्यार्थी सङ्ख्या २६ र प्रतिशताङ्कमा पनि २६ नै रहेको छ । त्यसैगरी उच्चतम ८०-१०० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशताङ्क पनि ५ नै रहेको छ ।

प्रस्तुत तथ्याङ्कमा १९ प्रतिशत विद्यार्थी अनुत्तीर्ण र ८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको पाइयो । औसत विद्यार्थीहरूले मध्यम अङ्क प्राप्त गरेकोले बुँदाटिपोट क्षमताको स्थिति सन्तोषजनक रहेको पाइयो । बुँदाटिपोट क्षमताको स्तर सन्तोषजनक रहेपनि प्रायः विद्यार्थीहरूलाई बुँदाटिपोटको विधि र प्रक्रियाको जानकारी नरहेको पाइयो । विद्यार्थीहरूले बुँदाटिपोट गर्दा मौलिकता प्रदान गर्न नसकेको देखियो । प्रायः जसो विद्यार्थीमा अनुच्छेदको सम्पूर्ण भावलाई समेट्न नसक्नु, भाषिक शुद्धता नहुनु, बुँदालाई क्रमबद्ध तरिकाले टिपोट गर्न नसक्नु जस्ता कमजोरी रहेको पाइयो । तसर्थ शिक्षकले बुँदाटिपोटको विधि र प्रक्रियाको बारेमा विद्यार्थीलाई स्पष्ट बनाएर प्रशस्त अभ्यास गराउनु पर्ने देखियो । यसका साथै विद्यार्थीहरूलाई बुँदाटिपोट गर्न लगाई उनीहरूको उत्तरपुस्तिका परीक्षण गरी आवश्यक पृष्ठपोषण बुँदाटिपोट क्षमता राम्रो बनाउन विद्यार्थीहरूले आफैले पनि प्रशस्त मिहिनेत र अभ्यास गर्नुपर्ने देखिन्छ । यसलाई अझ प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र नं : १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**




स्रोत : स्थलगगत अध्ययन, २०७३

## ४.२ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. २**

**मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ५२.२ | ६४ | ६४ | ३६ | ३६ |

स्रोत : स्थलगगत अध्ययन, २०७३

तालिका नं. २ अनुसार इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्दा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान ५२.२ रहेको छ । प्राप्त मध्यमानलाई आधार मानेर हेर्दा जम्मा १०० जना विद्यार्थीमध्ये मध्यमानभन्दा माथि ६४ जना र मध्यमानभन्दा तल ३६ जना विद्यार्थी रहेको छ। प्रतिशतमा हेर्दा पनि ६४ प्रतिशत माथि र ३६ प्रतिशत विद्यार्थी तल रहेको पाइयो । यस आधारमा समूहमा ६४ प्रतिशत विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो देखिन्छ भने ३६ प्रतिशत विद्यार्थीको बुँदाटिपोट क्षमता कमजोर रहेको देखिन्छन् । यसरी मध्यमानका आधारमा विश्लेषण गर्दा मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएको पाइयो । धेरै विद्यार्थी मध्यमानभन्दा माथि रहेकाले इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत बुँदाटिपोट क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय : पाँच

# विद्यालय प्रकृतिका आधारमा बुँदाटिपोट क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत गरी इलाम जिल्लाका १० वटा विद्यालयलाई आधार बनाइएको छ । यसमा संस्थागत विद्यालयका ५० र सामुदायिक विद्यालयका ५० गरी जम्मा १०० जना विद्यार्थीलाई लिइएको छ । यसरी छनोटमा परेको विद्यालय र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको परिणाम र विश्लेषण छुट्टाछुट्टै रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनमा इलाम जिल्लाका पाँचवटा सामुदायिक विद्यालयलाई नमुना छनोट गरिएको छ । यस अनुसार प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले ५० जना विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । उक्त तथ्याङ्कको व्याख्या विश्लेषण प्रतिशत र मध्यमानका आधारमा निम्नानुसार देखाइएको छ :

### ५.१.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | २ | ४ | १० | २० | २३ | ४६ | १३ | २६ | २ | ४ |


स्रोत : स्थलगगत अध्ययन, २०७३

तालिका नं ३ मा इलाम जिल्लाका पाँचवटा सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रतिशताङ्कमा देखाइएको छ । यसमा प्राप्ताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । यस अनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने २ जना (४ प्रतिशत) विद्यार्थी रहेको पाइयो । २०-४० प्रतिशत अर्थात् निम्न श्रेणी ल्याउने विद्यार्थी सङ्ख्या १० रहेको छ भने प्रतिशताङ्कमा २० प्रतिशत रहेको देखिन्छ । त्यस्तै मध्यम ४०-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ र प्रतिशत पनि ४६ रहेको छ । उच्च श्रेणी ६०-८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १३ र प्रतिशताङ्कमा २६ रहेको छ । त्यसैगरी उच्चतम श्रेणी अर्थात् ८०-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशताङ्कमा पनि ४ प्रतिशत रहेको छ ।

निम्नतम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ रहेको छ भने निम्न श्रेणीमा १० जना रहेको पाइयो । मध्यम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या २३ (४६ प्रतिशत) भए तापनि उत्तम अङ्क ल्याउने विद्यार्थी १३ जना (२६ प्रतिशत) रहेको पाइयो । उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २ (४ प्रतिशत) रहेकोले इलाम जिल्लाका सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति सन्तोषजनक मान्न सकिन्छ । सामुदायिक पाँचवटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई विश्लेषण गर्दा सबै विद्यालयका विद्यार्थीहरूको स्तरमा एकरूपता नरहेको पाइयो । सामुदायिक विद्यालयका शिक्षकहरूका लागि शिक्षण तालिमको व्यवस्था रहे तापनि सबै शिक्षकले तालिमबाट प्राप्त ज्ञानको समान उपयोग नगरेको कारणले कुनै विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता स्तर राम्रो र कुनै विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता स्तर निम्न रहेको पाइयो । समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर सन्तोषजनक रहे तापनि अझ यसलाई सुधार गर्न सबै विद्यालयका शिक्षकहरूले तालिमबाट प्राप्त सिपलाई व्यवहारमा प्रयोग गर्नुपर्ने देखियो । यसका साथै विद्यार्थीहरूलाई बुँदाटिपोटको बारेमा यसका विधि, प्रक्रियाका बारेमा प्रस्ट पारेर कक्षामा प्रशस्त अभ्यास गराउनु पर्ने देखियो । यसका साथै विद्यालयमा समय समयमा विद्यार्थीहरूबिच बुँदाटिपोट प्रतियोगिता गरी राम्रो क्षमता भएको विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरी कार्यक्रम सञ्चालन गराउन सकेमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तरमा थप सुधार ल्याउन सहयोग पुग्ने देखियो । सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई अझै प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र नं : २**

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**




स्रोत : स्थलगगत अध्ययन, २०७३

## ५.१.२ मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. ४**

**मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५१.२ | ३३ | ६६ | १७ | ३४ |

स्रोत : स्थलगगत अध्ययन, २०७३

माथि प्रस्तुत गरिएको तालिकाअनुसार इलाम जिल्लाका पाँचवटा सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत ५० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५१.२ रहेको छ । उक्त मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ३३ जना विद्यार्थी रहेका छन् भने मध्यमानभन्दा तल १७ जना विद्यार्थी रहेका छन् । प्रतिशतमा ६६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेको देखिन्छ । यस आधारमा इलाम जिल्लाका सामुदायिक विद्यालय कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको छ । सामुदायिक विद्यालयले सतप्रतिशत उपलब्धि हासिल गर्न विद्यार्थीहरूलाई बुँदाटिपोटको पर्याप्त अभ्यास गराउनु पर्ने देखिएको छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनमा इलाम जिल्लाका पाँचवटा संस्थागत विद्यालयलाई नमुना छनोट गरिएको छ । जसमा प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले ५० जना विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । उक्त तथ्याङ्कको व्याख्या विश्लेषण प्रतिशत र मध्यमानका आधारमा निम्नानुसार देखाइएको छ :

### ५.२.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं : ५**

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | १ | २ | ९ | १८ | २४ | ४८ | १३ | २६ | ३ | ६ |

स्रोत : स्थलगगत अध्ययन, २०७३


तालिका नं ५ मा इलाम जिल्लाका पाँचवटा संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रतिशताङ्कमा देखाइएको छ । यसमा प्राप्ताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । यस अनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने १ जना विद्यार्थी रहेको छ भने प्रतिशतका आधारमा २ प्रतिशत रहेको छ । ९ जना विद्यार्थीले २०-४० प्रतिशत अर्थात् निम्न अङ्क ल्याएका छन् भने उक्त विद्यार्थीको प्रतिशत पनि १८ रहेको छ । त्यस्तै २४ जना विद्यार्थी अर्थात् ४८ प्रतिशत विद्यार्थीले ४०-६० प्रतिशत (मध्यम श्रेणी) ल्याएका छन् । उच्च श्रेणी अर्थात् ६०-८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १३ र प्रतिशताङ्क २६ रहेको छ । त्यसैगरी ३ जना अर्थात् ६ प्रतिशत विद्यार्थी ८०-१०० प्रतिशत ल्याएर उच्चतम श्रेणीमा रहेका छन् ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा ६ प्रतिशत विद्यार्थी अनुत्तीर्ण र ४४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको पाइयो । यसलाई आधार मानेर विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । सामुदायिक विद्यालयका विद्यार्थीका जस्तै संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता स्तरमा एकरूपता नरहेको देखियो । संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर राम्रो बनाउन विद्यार्थीहरूलाई प्रशस्त अभ्यासको अवसर प्रदान गर्नुपर्ने देखिन्छ । यसका साथै उनीहरूले बुँदाटिपोट गरेको उत्तरपुस्तिका परीक्षण गरी विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गरी प्रशस्त अभ्यास गराउनु पर्ने देखियो । निष्कर्षमा इलाम

जिल्लाका संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूका बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । यसलाई थप प्रस्ट पार्न तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

**स्तम्भ चित्र नं : ३**

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**




स्रोत : स्थलगगत अध्ययन, २०७३

## ५.२.२ मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

### तालिका नं. ६

**मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५३.२ | ३४ | ६८ | १६ | ३२ |

स्रोत : स्थलगगत अध्ययन, २०७३

प्रस्तुत तालिका नं ६ अनुसार इलाम जिल्लाका पाँचवटा संस्थागत कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५३.२ रहेको छ । उक्त मध्यमानलाई आधार मान्दा ३४ जना (६८ प्रतिशत) विद्यार्थीको प्राप्ताङ्क मध्यमानभन्दा बढी रहेको छ भने १६ जना (३२ प्रतिशत) विद्याथीको प्राप्ताङ्क मध्यमानभन्दा कम रहेको छ । तसर्थ ५० जना विद्यार्थीमध्ये ३४ जना विद्यार्थी समूहमा राम्रा रहेका देखिन्छन् भने १६ जना विद्यार्थी समूहमा कमजोर रहेको देखिन्छन् ।

## ५.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना

यँहा प्रतिशतका आधारमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी तुलनात्मक विश्लेषण गरिएको छ :

### तालिका नं. ७

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना**

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| सामुदायिक | ५० | २ | ४ | १० | २० | २३ | ४६ | १३ | २६ | २ | ४ |
| संस्थागत | ५० | १ | २ | ९ | १८ | २४ | ४८ | १३ | २६ | ३ | ६ |


स्रोत : स्थलगगत अध्ययन, २०७३

प्रस्तुत तालिका नं ७ मा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा प्रतिशत निकालिएको छ । उक्त प्रतिशतका आधारमा पाँचवटा श्रेणी विभाजन गरिएको छ । ०-२० प्रतिशत अङ्क ल्याउने सामुदायिक विद्यालयका २ जना र संस्थागत विद्यालयका १ जना विद्यार्थी रहेका छन् । प्रतिशतका आधारमा क्रमशः ४ र २ प्रतिशत विद्यार्थी निम्नतम श्रेणीमा रहेका छन् । त्यसैगरी निम्न श्रेणी २०-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सामुदायिक विद्यालयतर्फ १० जना (२० प्रतिशत) र संस्थागत विद्यालयका ९ जना (१८ प्रतिशत) रहेका छन् । मध्यम श्रेणी अर्थात् ४०- ६० प्रतिशत अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या २३ र प्रतिशतमा ४६ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या २४ र प्रतिशतमा ४८ रहेको छ । उत्तम श्रेणी अर्थात् ६०-८० प्रतिशत अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या १३ र प्रतिशतमा २६ प्रतिशत रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या १३ र प्रतिशतमा पनि २६ रहेको देखिन्छ । त्यसैगरी उच्चतम श्रेणी अर्थात् ८०-१०० प्रतिशत अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका २ जना विद्यार्थी रहेको छ भने प्रतिशतका आधारमा ४ रहेको देखिन्छ । संस्थागत विद्यालयका ३ जना विद्यार्थी उच्चतम श्रेणीमा रहेका छन् भने यसको प्रतिशत ६ रहेको छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयको विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । यसलाई सुधार गर्न सामुदायिक विद्यालयका शिक्षकहरूले तालिमबाट प्राप्त सिपलाई व्यवहारमा प्रयोग गर्नुपर्ने देखियो । यसका साथै विद्यार्थीहरूलाई बुँदाटिपोटको बारेमा यसका विधि, प्रक्रियाका बारेमा प्रस्ट पारेर कक्षामा पर्याप्त अभ्यास गराउनु पर्ने देखिन्छ । यसका साथै सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूले समय समयमा विद्यार्थीहरू बिच बुँदाटिपोट प्रतियोगिता गरी राम्रो क्षमता भएको विद्यार्थीलाई पुरस्कार प्रदान गर्ने कार्यक्रम सञ्चालन गराउन सकेमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तरमा थप सुधार ल्याउन सहयोग पुग्ने देखिन्छ । इलाम जिल्लाका सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिलाई अझै प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र नं. ४**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना**




स्रोत : स्थलगगत अध्ययन, २०७३

# अध्याय : छ
# भाषिक पृष्ठभूमि र लिङ्गगत आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्यायमा इलाम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीका रूपमा विभाजन गरिएको छ । लिङ्गगत आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउन छात्र र छात्राका रूपमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ६.१ भाषिक पृष्ठभूमि आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा इलाम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीका रूपमा विभाजन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । यसमा नेपाली पहिलोभाषी विद्यार्थी ५० जना र नेपाली दोस्रोभाषी विद्यार्थी ५० जना रहेका छन् ।

### ६.१.१ नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी ५० जना विद्यार्थीलाई नमुनाका रूपमा राखिएको छ । सामुदायिक विद्यालयका २५ र संस्थागत विद्यालयका २५ जना विद्यार्थी रहेका छन् । यसरी छनोटमा परेका नेपाली पहिलो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई मध्यमान र प्रतिशतका आधारमा छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ ।

#### ६.१.१.१ प्रतिशतका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रतिशतका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ

**तालिका नं. ८**

**प्रतिशतका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन**

| विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| | १ | २ | ९ | १८ | २३ | ४६ | १४ | २८ | ३ | ६ |

स्रोत : स्थलगगत अध्ययन, २०७३


माथि प्रस्तुत तालिकाअनुसार इलाम जिल्लाका १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रतिशताङ्कमा देखाइएको छ । यसमा प्राप्ताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । यस अनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने १ जना (२ प्रतिशत) विद्यार्थी रहेको पाइयो । २०-४० प्रतिशत अर्थात् निम्न श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९ रहेको छ भने उक्त विद्यार्थीको प्रतिशत १८ रहेको छ । मध्यम श्रेणी अर्थात् ४०-६० प्रतिशत प्राप्त गर्ने विद्यार्थी सङ्ख्या रहेको २३ रहेको छ । यसको प्रतिशत ४६ रहेको छ । उच्च श्रेणी अर्थात् ६०-८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ र प्रतिशताङ्क २८ रहेको छ । यसैगरी ३ जना अर्थात् ६ प्रतिशत विद्यार्थीले ८०-१०० प्रतिशत (उच्चतम श्रेणी) अङ्क ल्याएका छन् ।

प्रस्तुत तथ्याङ्कलाई आधार मान्दा सबैभन्दा निम्नतम श्रेणीमा १ जना विद्यार्थी रहेको पाइयो । त्यसैगरी सबैभन्दा उच्चतम श्रेणी प्राप्त गर्ने ३ जना (६ प्रतिशत) विद्यार्थी रहेको पाइयो । ४८ प्रतिशत विद्यार्थीहरूले मध्यम श्रेणी प्राप्त गरे तापनि उच्च र उच्चतम श्रेणीमा क्रमशः २८ र ६ प्रतिशत विद्यार्थी रहेकाले इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर सन्तोषजनक देखिएको छ । इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी समग्र विद्यार्थीहरूको क्षमता स्तर समान भने नरहेको पाइयो । पहिलोभाषी विद्यार्थीले बुँदाटिपोट गर्दा मौलिकता प्रदान गर्न नसकेको देखियो । त्यस्तैगरी उनीहरूको शुद्ध लेख्न नसकेको पाइयो । यसको सुधारको लागि विद्यार्थीहरूलाई प्रशस्त बुँदाटिपोट अभ्यास गराउनु पर्ने देखिएको छ । यसमा थप सुधार गर्न

विद्यार्थीहरूलाई प्रशस्त अभ्यास गराउनु पर्ने देखिएको छ । यसलाई थप प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र नं : ५**

**प्रतिशतका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन**




स्रोत : स्थलगगत अध्ययन, २०७३

### ६.१.१.२ मध्यमानका आधार नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**तालिका नं. ९**

**मध्यमानका आधार नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५३.६ | ३० | ६० | २० | २० |

स्रोत : स्थलगगत अध्ययन, २०७३

प्रस्तुत तालिका नं ९ अनुसार इलाम जिल्लाका नमुना छनोटमा परेको सामुदायिक पाँच र संस्थागत पाँच गरी १० वटा विद्यालयमा कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५३.६ रहेको छ । उक्त मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ३० जना रहेको छ भने प्रतिशताङ्कमा ६० प्रतिशत रहेको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा तल १७ जना, प्रतिशताङ्कमा ३४ प्रतिशत विद्यार्थी रहेको छ। यस आधारमा ५० जना नेपाली पहिलोभाषी विद्यार्थीहरूको समूहमा ३० जना विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो देखिन्छ भने २० जना विद्यार्थीको क्षमता कमजोर देखिन्छ । यस आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.२ नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनमा इलाम जिल्लाका सामुदायिक पाँच र संस्थागत पाँच गरी १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत ५० जना विद्याथीलाई नमुनाका रूपमा राखिएको छ । १० विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीमा कक्षा नौमा अध्ययनरत राई, तामाङ, सुनुवार जातिका विद्यार्थी रहेका छन् । उनीहरू घर, परिवार र समुदायमा आफ्नै जातीय भाषालाई प्रयोग गर्ने गर्दछन् । यसरी नेपाली भाषाबाहेक अन्य भाषालाई पहिलो भाषाका रूपमा बोल्ने विद्यार्थीहरूलाई यस अध्ययनमा नेपाली दोस्रोभाषी विद्यार्थीको रूपमा राखिएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयका २५ जना र संस्थागत विद्यालयका २५ जना विद्यार्थी गरी जम्मा ५० जना विद्यार्थी दोस्रोभाषी विद्यार्थीका रूपमा रहेका छन् । यसरी छनोटमा परेका नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई मध्यमान र प्रतिशतका आधारमा छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ ।

#### ६.१.२.१ प्रतिशतका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रतिशतका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. १०**

**प्रतिशतका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन**

| विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | स | प्र | स | प्र | स | प्र | स | प | स | प्र |
| | २ | ४ | १० | २० | २४ | ४८ | १२ | २४ | २ | ४ |

स्रोत : स्थलगत अध्ययन, २०७३


तालिका नं १० मा इलाम जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रतिशताङ्कमा देखाइएको छ । यसमा प्राप्ताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । यस अनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ रहेको पाइयो भने प्रतिशतमा पनि ४ प्रतिशत रहेको पाइयो । २०-४० प्रतिशत अर्थात् निम्न श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १० रहेको छ भने उक्त विद्यार्थीको प्रतिशत २० रहेको छ । मध्यम श्रेणी (४०-६० प्रतिशत.) प्राप्त गर्ने विद्यार्थी सङ्ख्या रहेको २४ रहेको छ । यसको प्रतिशत ४८ रहेको देखिन्छ । उच्च श्रेणी अर्थात् ६०-८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १२ र प्रतिशताङ्क २४ रहेको छ । यसैगरी २ जना अर्थात् ४ प्रतिशत विद्यार्थीले उच्चतम श्रेणी (८०-१०० प्रतिशत) अङ्क ल्याएका छन् ।

उक्त तथ्याङ्कलाई आधार मान्दा सबैभन्दा निम्नतम श्रेणीमा ४ प्रतिशत विद्यार्थी रहेको पाइयो भने निम्न श्रेणी प्राप्त गर्ने १० प्रतिशत विद्यार्थी रहेको पाइयो । ४८ प्रतिशत विद्यार्थीले मध्यम श्रेणी प्राप्त गरेको देखिन्छ । त्यस्तैगरी उत्तम श्रेणीमा २४ प्रतिशत विद्यार्थी र उच्चतम श्रेणीमा ४ प्रतिशत विद्यार्थी रहेकोले इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर सन्तोषजनक रहेको देखिँदैन । यद्यपि नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनामा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कमजोर रहेको देखिन्छ । नेपाली दोस्रोभाषी विद्यार्थीहरू विद्यालयभन्दा बाहिर घर परिवार, समुदायमा आ आफ्नो मातृभाषाको प्रयोग गर्ने हुनाले पनि

नेपाली भाषामा बुँदाटिपोट गर्दा पहिलोभाषीको तुलनामा कमजोर रहेको देखिन्छ । दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर अझ सुधार गर्न शिक्षकले बुँदाटिपोटको विधि, प्रक्रियाको बारेमा प्रस्ट जानकारी गराई बारम्बार अभ्यास गराउनु पर्ने देखियो । प्रतिशतका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई थप प्रस्ट पार्न स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

**स्तम्भ चित्र नं : ६**

**प्रतिशतका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन**




स्रोत : स्थलगत अध्ययन, २०७३

### ६.१.२.२ मध्यमानका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. ११**

**मध्यमानका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४२ | ४५ | ३१ | ६२ | १९ | ३८ |

स्रोत : स्थलगगत अध्ययन, २०७३

प्रस्तुत तालिका नं ११ अनुसार इलाम जिल्लाका नमुना छनोटमा परेको सामुदायिक पाँच र संस्थागत पाँच गरी १० वटा विद्यालयमा कक्षा नौमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४५ रहेको छ । उक्त मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ३१ जना (६२ प्रतिशत) विद्यार्थी रहेका छन् । मध्यमानभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ जना (३८ प्रतिशत) रहेका छन् । यस आधारमा मध्यमानका आधारमा इलाम जिल्लाका विद्यालयका नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको राम्रो मान्न सकिन्छ ।

समग्रमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीको बुँदाटिपोट क्षमताको तुलना गर्दा दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा पहिलोभाषी विद्यार्थीहरूको क्षमता राम्रो रहेको पाइयो । इलाम जिल्ला आदिवासी जनजाति समुदायको बाहुल्य रहेको जिल्ला हो । यसले गर्दा दोस्रोभाषी विद्यार्थीहरूको उपस्थिति रहेको पाइयो तर उनीहरूले विद्यालयभन्दा बाहिर आफ्नो घरपरिवार समुदायमा आ आफ्नो मातृभाषा प्रयोग गर्ने गरेको पाइयो । पहिलोभाषी विद्यार्थीले जति नेपाली भाषा अनुकूल वातावरण नपाएको कारणले गर्दा पनि नेपाली पहिलोभाषी विद्यार्थीको तुलनामा दोस्रोभाषी विद्यार्थीहरूको क्षमता केही कमजोर रहेको पाइयो ।

### ६.१.३ भाषिक पृष्ठभूमिका आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

यहाँ प्रतिशतका आधारमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी तुलनात्मक विश्लेषण गरिएको छ :

**तालिका नं. १२**

**भाषिक पृष्ठभूमिका आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**

| भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली पहिलोभाषी | ५० | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| | | १ | २ | ९ | १८ | २३ | ४६ | १४ | २८ | ३ | ६ |
| नेपाली दोस्रोभाषी | ४० | २ | ४ | १० | २० | २४ | ४८ | १२ | २४ | २ | ४ |

स्रोत : स्थलगगत अध्ययन, २०७३


प्रस्तुत तालिका नं.१२ मा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूले बुँदाटिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतमा देखाइएको छ । नेपाली पहिलोभाषी विद्यार्थीको जम्मा सङ्ख्या ५० रहेको छ भने दोस्रोभाषी विद्यार्थीको सङ्ख्या पनि ५० नै रहेको छ । ०-२० प्रतिशत अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थी १ जना रहेका छन् भने प्रतिशतमा २ रहेको छ । दोस्रोभाषी विद्यार्थी २ जनाले निम्नतम श्रेणी ल्याएको देखिन्छ । निम्न श्रेणी अर्थात् २०-४० प्रतिशत अङ्क ल्याउने नेपाली पहिलोभाषी विद्यार्थी ९ जना (१८ प्रतिशत) रहेका छन् भने नेपाली दोस्रोभाषी विद्यार्थी १० जना र प्रतिशतमा २० रहेको छ । मध्यम श्रेणी अर्थात् ४०-६० प्रतिशत अङ्क ल्याउने २३ जना (४६ प्रतिशत) नेपाली पहिलोभाषी विद्यार्थी रहेका छन् भने २४ जना (४८ प्रतिशत) दोस्रोभाषी विद्यार्थी रहेका छन् । उत्तम श्रेणी अर्थात् ६०-८० प्रतिशत अङ्क ल्याउने पहिलोभाषी विद्यार्थी सङ्ख्या १४ (२८ प्रतिशत) रहेको छ भने दोस्रोभाषी विद्यार्थी सङ्ख्या १२ (२४ प्रतिशत) रहेको छ । उच्चतम श्रेणी अर्थात् ८०-१०० प्रतिशत अङ्क ल्याउने ३ जना र प्रतिशतमा ६ नेपाली पहिलोभाषी विद्यार्थी रहेका छन् भने नेपाली दोस्रोभाषी विद्यार्थी २ जना (४ प्रतिशत) रहेका छन् ।

यस आधारमा नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको तुलनामा दोस्रोभाषी विद्यार्थीहरूको

बुँदाटिपोट क्षमता कमजोर रहेको पाइयो । पहिलोभाषी विद्यार्थीहरूले विद्यालयबाहिर घरपरिवारमा पनि नेपाली भाषाकै वातावरण प्राप्त गर्ने हुनाले पनि उनीहरूको क्षमता राम्रो रहेको देखिन्छ भने नेपाली दोस्रोभाषी विद्यार्थीहरूले विद्यालय बाहिर आफ्नो जातीय भाषा (मातृभाषा) प्रयोग गर्ने हुनाले, पहिलोभाषी विद्यार्थीहरूले जस्तो पर्याप्त अनुकूल वातावरण नपाउने हुनाले दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता नेपाली पहिलोभाषीको तुलनामा कमजोर रहेको देखिन्छ । नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सुधार गर्नका लागि शिक्षकहरूले दोस्रोभाषी विद्यार्थीलाई आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्दै पर्याप्त अभ्यास गराउनु पर्दछ । जान्ने विद्यार्थीलाई मात्रै नभई कमजोर विद्यार्थीहरूलाई पनि पर्याप्त अभ्यासको अवसर प्रदान गर्नुपर्ने देखिन्छ । इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी र दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तुलनात्मक रूपमा प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र नं. ७**

**भाषिक पृष्ठभूमिका आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**




स्रोत : स्थलगगत अध्ययन, २०७३

## ६.२ लिङ्गगत आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा इलाम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको लिङ्गगत आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गर्न विद्यार्थीहरूलाई छात्र र छात्रामा विभाजन गरिएको छ । यसमा १०० जना विद्यार्थीमा ५० जना छात्र र ५० जना छात्रा रहेका छन् । प्रस्तुत अध्ययनमा लिङ्गगत आधारमा बुँदाटिपोट क्षमताको स्थिति तालिकामा प्रस्तुत गरिएको छ ।

### ६.२.१ छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनमा इलाम जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा १० वटा विद्यालयका ५० जना छात्र नमुना छनोटमा परेका छन् । उक्त ५० जना छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रतिशताङ्क र मध्यमानका आधारमा प्रस्तुत गरिएको छ :

#### ६.२.१.१ प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं.१३**

**प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन**

| विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| | ३ | ६ | ९ | १८ | २९ | ५८ | ८ | १६ | १ | २ |

स्रोत : स्थलगगत अध्ययन, २०७३


तालिका नं १३ मा इलाम जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको

स्थितिलाई प्रतिशताङ्कमा देखाइएको छ । यसमा प्राप्ताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । यस अनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी ३ जना रहेको छ भने प्रतिशतका आधारमा ६ प्रतिशत रहेको देखिन्छ । २०-४० प्रतिशत अर्थात् निम्न श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ९ रहेको छ भने उक्त विद्यार्थीको प्रतिशत १८ रहेको छ । मध्यम श्रेणी (४०-६० प्रतिशत) प्राप्त गर्ने छात्र विद्यार्थी सङ्ख्या २९ र प्रतिशत ५८ रहेको छ । उच्च श्रेणी अर्थात् ६०-८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ८ र प्रतिशताङ्क १६ रहेको छ । यसैगरी १ जना अर्थात् २ प्रतिशत छात्र विद्यार्थीले उच्चतम श्रेणी (८०-१०० प्रतिशत) अङ्क ल्याएका छन् ।

उक्त तथ्याङ्कलाई आधार मान्दा सबैभन्दा तल्लो श्रेणी निम्नतम श्रेणीमा ३ प्रतिशत विद्यार्थी रहेको पाइयो । यसैगरी निम्न्न श्रेणी प्राप्त गर्ने १८ प्रतिशत विद्यार्थी रहेको देखिन्छ । त्यस्तैगरी उत्तम श्रेणीमा १६ प्रतिशत र उच्चतम श्रेणीमा २ प्रतिशत विद्यार्थी रहे तापनि ५८ प्रतिशत विद्यार्थीहरूले मध्यम श्रेणी मात्र प्राप्त गरेकोले इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको राम्रो नरहेको पाइयो । छात्र विद्यार्थीहरूलाई बुँदाटिपोट कसरी गर्ने, कुन विधि र प्रक्रियालाई अवलम्बन गर्ने, कति लेख्ने, कसरी लेख्नुपर्ने जस्ता कुराको ज्ञान नभएको देखिन्छ । उनीहरूले बुँदाटिपोट गर्दा मौलिकता प्रदान गर्न नसक्नु, क्रमबद्ध तरिकाले नलेख्नु, बुँदाटिपोट गर्दा सम्पूर्ण भावलाई समेट्न नसक्नु जस्ता कमजोरी देखिन्छ । समग्रमा छात्र विद्यार्थीहरूले बुँदाटिपोटका विधि प्रक्रियाका बारेमा राम्रो नबुझेको पाइयो । पाठ्यपुस्तकको अध्ययन गरेपनि निरन्तर अभ्यास नगर्नु र शिक्षकहरूले कमजोर विद्यार्थीहरूलाई पहिचान गरी उनीहरूलाई पर्याप्त अभ्यास नगराउनुले पनि इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता खासै राम्रो नरहेको देखिन्छ । तसर्थ छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई राम्रो बनाउन शिक्षकले बुँदाटिपोटको विधि प्रक्रियाको बारेमा स्पष्ट पारेर विद्यार्थीहरूलाई निरन्तर अभ्यास गराउनु पर्ने देखिन्छ भने विद्यार्थीहरूले पनि प्रशस्त प्रयास गर्नुपर्ने अवस्था रहेको छ । छात्र विद्यार्थीहरूको लेखनमा पनि अशुद्ध रहेको पाइयो तसर्थ शुद्ध लेखन सिपको विकास गराउनु आवश्यक देखिन्छ । यसका साथै कक्षामा बुँदाटिपोट गर्न लगाई विद्याथी विद्यार्थी बिच प्रतिस्पर्धा गराउन सकेमा पनि विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सुधार हुने देखिन्छ । छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ चित्र नं. ८**

**प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन**




स्रोत : स्थलगगत अध्ययन, २०७३

### ६.२.१.२ मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १४**

**मध्यमानका आधार छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४८ | ३२ | ६४ | १८ | ३६ |

स्रोत : स्थलगगत अध्ययन, २०७३

प्रस्तुत तालिका नं १४ अनुसार इलाम जिल्लाका नमुना छनोटमा परेको सामुदायिक पाँच र संस्थागत पाँच गरी १० वटा विद्यालयमा कक्षा नौमा अध्ययनरत छात्र

विद्यार्थीहरूको बुँदाटिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४८ रहेको छ। उक्त मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ३२ जना (६४ प्रतिशत) रहेका छन् भने मध्यमानभन्दा तल १८ जना (३६ प्रतिशत) विद्यार्थी सङ्ख्या रहेको छ। यसरी मध्यमानका आधारमा इलाम जिल्लाका विद्यालयका छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको राम्रो मान्न सकिन्छ।

### ६.२.२ छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनमा इलाम जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा १० वटा विद्यालयका ५० जना छात्र नमुना छनोटमा परेका छन्। उक्त ५० जना छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताका स्थिति प्रतिशत र मध्यमानका आधारमा प्रस्तुत गरिएको छ।

#### ६.२.२.२ प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. १५**

**प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन**

| विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| | ० | ० | १० | २० | १७ | ३४ | १८ | ३६ | ४ | ८ |

स्रोत : स्थलगगत अध्ययन, २०७३


प्रस्तुत तालिका नं १५ मा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति प्रतिशताङ्कमा प्रस्तुत गरिएको छ। विद्यार्थीहरूले बुँदाटिपोट गर्दा प्राप्त गरेको नतिजालाई प्रतिशताङ्कमा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ। यस अनुसार निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने

कुनै पनि छात्रा विद्यार्थी नरहेको पाइयो । २०-४० प्रतिशत अर्थात् निम्न श्रेणी प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १० रहेको छ भने उक्त विद्यार्थीको सङ्ख्यालाई प्रतिशतमा राख्दा २० रहेको देखिन्छ । मध्यम श्रेणी (४०-६० प्रतिशत) प्राप्त गर्ने विद्यार्थी सङ्ख्या रहेको १७ र प्रतिशत ३४ रहेको छ । उच्च श्रेणी अर्थात् ६०-८० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १८ र प्रतिशताङ्क ३६ रहेको छ । यसैगरी ४ जना विद्यार्थीले ८०-१०० अङ्क अर्थात् उच्चतम श्रेणी प्राप्त गरेका छन् ।

निम्नतम श्रेणीमा कुनै पनि विद्यार्थी नरहेको पाइयो भने निम्न श्रेणीमा २० प्रतिशत विद्यार्थी रहेको छ । मध्यम श्रेणी र उत्तम श्रेणीमा क्रमशः १७ र १८ विद्यार्थी रहेको छ भने उच्चतम श्रेणीमा ८ प्रतिशत छात्रा रहेको छ । यस आधारमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता अत्यन्तै राम्रो रहेको छ । छात्रा विद्यार्थीहरू पढाइमा मिहिनेती र लगानशील रहेको कारण उनीहरूको बुँदाटिपोट क्षमता पनि राम्रो देखिन्छ । कक्षामा पनि अनुशासित रहने, शिक्षकले भनेका कुराहरू ध्यान दिएर सुन्ने र नबुझिएको कुरालाई स्पष्ट राख्ने प्रवृतिले पनि छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको छ । यद्यपि छात्रा विद्यार्थीहरूको पनि लेखाइ शुद्ध नहुनु, बुँदामा मौलिकता प्रदान गर्न नसक्नु जस्ता कमजोरी देखिन्छ । यसलाई सुधार गर्न छात्रा विद्यार्थीहरूको लेखाइमा वर्णविन्यास त्रुटि रहेको देखिन्छ । तसर्थ शिक्षकले यस्ता त्रुटिलाई ख्याल गरी अशुद्ध शब्दहरूलाई औंल्याइदिएर आवश्यक पृष्ठपोषण दिनुपर्ने देखिन्छ । विद्यार्थीहरूले पर्याप्त लेख्ने अभ्यास गर्नुपर्ने देखिन्छ भने शिक्षकले पनि उनीहरूको उत्तरपुस्तिका परीक्षण गरी छात्र विद्यार्थीहरूको तुलनामा पनि छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको छ । यसलाई थप प्रस्ट पार्न स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

### स्तम्भ रेखा नं. ९

### प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन




स्रोत : स्थलगगत अध्ययन, २०७३

### ६.२.२.२ मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. १६

### मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

| विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५५.४ | ३७ | ७४ | १३ | २६ |

स्रोत : स्थलगगत अध्ययन, २०७३

प्रस्तुत तालिका नं १६ मा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई मध्यमानका आधारमा प्रस्तुत गरिएको छ ।

तालिकाअनुसार इलाम जिल्लाका नमुना छनोटमा परेको सामुदायिक पाँच र संस्थागत पाँच गरी १० वटा विद्यालयमा कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरूको बुँदाटिपोट लेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५५.४ रहेको छ । उक्त मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ३७ जना प्रतिशताङ्कमा ७४ प्रतिशत र मध्यमानभन्दा तल १३ जना (२६ प्रतिशत) मात्र रहेको पाइयो । यसरी मध्यमानका आधारमा इलाम जिल्लाका विद्यालयका छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको उत्तम देखिन्छ ।

### ६.२.३ इलाम जिल्लाका विद्यालयमा कक्षा नौमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना

इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई लिङ्गगत आधारमा गरिएको तुलनालाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका नं. १७**

**इलाम जिल्लाका विद्यालयमा कक्षा नौमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना**

| लिङ्गगत पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | ०-२० प्रतिशत अङ्क ल्याउने | | २०-४० प्रतिशत अङ्क ल्याउने | | ४०-६० प्रतिशत अङ्क ल्याउने | | ६०-८० प्रतिशत अङ्क ल्याउने | | ८०-१०० प्रतिशत अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| | | ३ | ६ | ९ | १८ | २९ | ५८ | ८ | १६ | १ | २ |
| छात्रा | ५० | ० | ० | १० | २० | १७ | ३४ | १८ | ३६ | ४ | ८ |


स्रोत : स्थलगगत अध्ययन, २०७३

प्रस्तुत तालिका नं १७ मा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले बुँदाटिपोट गर्दा प्राप्त गरेको प्राप्ताङ्कलाई लिङ्गगत आधारमा तुलना गरी तालिकामा देखाइएको छ । छात्र विद्यार्थीको जम्मा सङ्ख्या ५० रहेको छ भने छात्रा विद्यार्थीको पनि जम्मा सङ्ख्या ५० रहेको छ । निम्नतम श्रेणी अर्थात् ०-२० प्रतिशत अङ्क ल्याउने छात्र ३

जना (६ प्रतिशत) रहेका छन् भने छात्रा विद्यार्थी सङ्ख्या ० रहेको छ । निम्न श्रेणी अर्थात् २०-४० प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी ९ जना (१८ प्रतिशत) रहेका छन् भने छात्रा विद्यार्थी सङ्ख्या १० जना (२० प्रतिशत) रहेका छन् । मध्यम श्रेणी ४०-६० प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी २९ जना ( ५८ प्रतिशत) रहेको छ भने छात्रा १७ जना (३४ प्रतिशत) विद्यार्थी रहेको छ । उत्तम श्रेणी अर्थात् ६०-८० प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या ८ र प्रतिशतमा १६ रहेको छ भने छात्रा विद्यार्थी सङ्ख्या १८ र प्रतिशतमा ३६ रहेको छ । ८०-१०० प्रतिशत अङ्क ल्याउने छात्र १ जना (२ प्रतिशत) रहेको छ भने छात्रा ४ जना (८ प्रतिशत) रहेको छ । यसलाई आधार मानेर विश्लेषण गर्दा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको छ । इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तुलनात्मक रूपमा प्रस्ट पार्न स्तम्भ चित्रमा देखाइएको छ :

**स्तम्भ रेखाचित्र नं. १०**

**इलाम जिल्लाका विद्यालयमा कक्षा नौमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना**




स्रोत : स्थलगगत अध्ययन, २०७३

# अध्याय : सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

सामान्य अर्थमा अनुसन्धान नँया कुराको खोजी गर्ने कार्यलाई भनिन्छ । नँया तथ्य पत्ता लगाउन वा पुरानै तथ्यको पुनरावलोकन र पुर्नव्याख्या गर्न अनुसन्धान गरिन्छ । यस अध्ययनको शीर्षक इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु रहेको छ । वर्तमान नेपाली भाषा पाठ्यक्रमले विद्यार्थीहरूको सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारवटै भाषिक सिपसँग सम्बन्धित उद्देश्यहरू राखेको छ । उक्त पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य परिपूर्तिका निमित्त पनि कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु औचित्यपूर्ण रहेको छ । तसर्थ प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनको उद्देश्यहरू इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, भाषिक पृष्ठभूमि र लिङ्गगत आधारमा बुँदाटिपोट क्षमताको स्थिति तुलनात्मक स्थिति पत्ता लगाउनु रहेको छ ।

यसरी अनुसन्धानको उद्देश्य प्राप्तिका लागि इलाम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १० वटा विद्यालय नमुनाका रूपमा छनोट गरी अनुसन्धान अगाडि बढाइएको छ । यसमा प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले १०० जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ । यस अध्ययनको उद्देश्य पुरा गर्न र अध्ययनलाई प्रभावकारी बनाउन अध्ययनकर्ता स्वयम् प्रत्येक विद्यालयमा पुगी उक्त विद्यालयका शिक्षक, विद्यार्थीहरूको सहयोग लिएर यो अनुसन्धान सम्पन्न गरिएको छ । अध्ययनकर्ताले शोध निर्देशक, विषयशिक्षकको सहयोगमा तयार पारिएको दृष्टांश र अदृष्टांश गरी दुईवटा अनुच्छेद दिएर नमुना छनोटमा परेका १० जना विद्यार्थीलाई बुँदाटिपोट गर्न लगाइएको छ । प्राप्त उत्तरपुस्तिकालाई भाषिक संयोजन, स्तरीयता, भाषिक

शुद्धता, प्रस्तुतीकरण, विषयवस्तु सङ्गठन, क्रमबद्धता, मौलिकताका आधारमा मूल्याङ्कन गरिएको छ ।

यसरी मूल्याङ्कनबाट प्राप्त विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशत र मध्यमानका आधारमा तालिकामा राखी व्याख्या विश्लेषण गरिएको छ । विद्यार्थीहरूको प्रतिशताङ्कलाई पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । मध्यमानका आधारमा पनि विद्यार्थीहरूको प्राप्ताङ्कलाई मध्यमानभन्दा माथि र मध्यमानभन्दा कम अङ्क गरी वर्गीकरण गरिएको छ । यसरी प्राप्ताङ्कलाई विभिन्न श्रेणीमा विभाजन गरिसकेपछि बुँदाटिपोट क्षमतालाई समग्रताका आधारमा, विद्यालय प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लिङ्गगत आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

समग्रमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता राम्रो रहेको पाइयो । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो भने लिङ्गगत आधारमा छात्रको तुलनामा छात्राको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययनमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनसम्बन्धी निम्नलिखित निष्कर्ष निकालिएको छ :

- प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता क्षमताको अध्ययन गर्न दृष्टांश र अदृष्टांश गरी दुईवटा अनुच्छेदमा विद्यार्थीहरूलाई बुँदाटिपोट गर्न लगाई विभिन्न आधारमा मूल्याङ्कन गरिएको छ ।
- विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशत र मध्यमान निकाली पाँचवटा श्रेणीमा विभाजन गरिएको छ ।
- समग्रताका आधारमा मूल्याङ्कन गर्दा निम्नतम श्रेणीमा तिन प्रतिशत विद्यार्थी रहेको पाइयो भने उच्चतम श्रेणीमा पाँच प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यस्तैगरी

मध्यम श्रेणीमा ४७ प्रतिशत विद्यार्थी रहे तापनि उत्तम र उच्चतम श्रेणीमा क्रमशः २६ र १० प्रतिशत विद्यार्थी रहेकाले इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

- समग्रतामा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५२.२ रहेको छ भने मध्यमानभन्दा माथि ६४ प्रतिशत विद्यार्थी रहेको छ । त्यस्तैगरी मध्यमानभन्दा तल ३६ प्रतिशत विद्यार्थी मात्र रहेकोले समग्रमा इलाम जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको छ ।
- विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता प्रतिशतका आधारमा निम्नतम श्रेणीमा ४ प्रतिशत विद्यार्थी रहेको पाइयो । मध्यम श्रेणीमा ४६ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसैगरी उत्तम श्रेणीमा २६ प्रतिशत र उच्चतम श्रेणीमा ४ प्रतिशत विद्यार्थी रहेको पाइयो । यस आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता मध्यम स्तरको मात्र रहेको देखिन्छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ५१.२ रहेको छ । यस समूहमा ३३ जना विद्यार्थी मध्यमानभन्दा माथि रहेका छन् भने १७ जना विद्यार्थी मध्यमानभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने समूहमा रहेका छन् । यस आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता रहेको देखिन्छ ।
- संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता प्रतिशतमा हेर्दा निम्नतम श्रेणीमा २ रहेको पाइयो भने निम्न श्रेणीमा १८ प्रतिशत रहेको देखियो । त्यसैगरी मध्यम श्रेणीमा ४८ प्रतिशत विद्यार्थी रहेको पाइयो भने उत्तम र उच्चतम श्रेणीमा क्रमशः २६ र ६ प्रतिशत विद्यार्थी रहेको पाइयो । यस आधारमा इलाम जिल्लाका संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तर सन्तोषजनक नै मान्न सकिन्छ ।
- संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ५३.२ रहेको छ । मध्यमानभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १६ रहेको छ भने मध्यमानभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी ३४ जना रहेकाले संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको देखिन्छ ।

- विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयलाई तुलना गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता धेरै राम्रो रहेको छ ।
- भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली पहिलोभाषी विद्यार्थी सङ्ख्या जम्मा ५० रहेको छ । नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्दा निम्नतम श्रेणीमा २ प्रतिशत विद्यार्थी रहेको पाइयो त्यस्तैगरी मध्यम श्रेणीमा ४६ प्रतिशत विद्यार्थी रहेको देखिन्छ । उत्तम श्रेणीमा २८ प्रतिशत विद्यार्थी रहेको छ भने उच्चतम श्रेणीमा ६ प्रतिशत विद्यार्थी रहेको छ । यस आधारमा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको सन्तोषजनक रहेको देखिन्छ ।
- नेपाली पहिलोभाषी विद्यार्थीको प्राप्ताङ्कको मध्यमान ५३.४ रहेको छ । मध्यमानका आधारमा मध्यमानभन्दा माथि ३० जना र मध्यमानभन्दा तल २० जना विद्यार्थी रहेका छन् । यस आधारमा नेपाली पहिलोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको देखिन्छ ।
- नेपाली दोस्रोभाषी विद्यार्थीहरूको निम्नतम श्रेणीमा ४ जना विद्यार्थी रहेका छन् भने उच्चतम श्रेणीमा पनि ४ प्रतिशत नै विद्यार्थी रहेका छन् । ४८ प्रतिशत विद्यार्थीले मध्यम श्रेणी प्राप्त गरेकाले दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अवस्था सन्तोषजनक देखिँदैन ।
- नेपाली दोस्रोभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ४५ रहेको छ । मध्यमानभन्दा माथि प्राप्ताङ्क ३१ जना विद्यार्थी रहेका छन् भने मध्यमानभन्दा तल १९ जना विद्यार्थी रहेका छन् । यस आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक रहेको छ ।
- भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्दा नेपाली पहिलोभाषी विद्यार्थीहरूको क्षमता केही राम्रो रहेको छ ।
- लिङ्गगत आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्नतम श्रेणीमा ३ प्रतिशत विद्यार्थी रहेको छ भने उच्चतम श्रेणीमा १ प्रतिशत विद्यार्थी रहेको छ ।

मध्यम श्रेणीमा ५८ प्रतिशत विद्यार्थी रहेको छ भने उत्तम श्रेणीमा १६ प्रतिशत विद्यार्थी रहेका छन् । यसको आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको देखिँदैन ।

- छात्र विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ४८ रहेको छ । ६४ प्रतिशत विद्यार्थीको प्राप्ताङ्क मध्यमानभन्दा माथि र ३६ प्रतिशत विद्यार्थीको प्राप्ताङ्क मध्यमानभन्दा तल रहेकाले मध्यमानका आधारमा भने छात्रको बुँदाटिपोट क्षमता सन्तोषजनक रहेको छ ।
- छात्रा विद्यार्थीहरूको बुँदाटिपोटको प्राप्ताङ्कलाई विश्लेषण गर्दा निम्नतम श्रेणीमा कुनै पनि विद्यार्थी रहेका छैनन् भने उच्चतम श्रेणीमा ८ प्रतिशत विद्यार्थी रहेका छन् यस आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको देखिन्छ ।
- छात्रा विद्यार्थीहरूको बुँदाटिपोटको प्राप्ताङ्कको मध्यमान ५५.४ छ । ७४ प्रतिशत विद्यार्थीको प्राप्ताङ्क मध्यमानभन्दा बढी र २६ प्रतिशत विद्यार्थीहरूको प्राप्ताङ्क मध्यमानभन्दा कम रहेको छ । यस आधारमा छात्राको बुँदाटिपोट क्षमता राम्रो रहेको छ ।
- लिङ्गगत आधारमा छात्र र छात्रा विद्यार्थीको बुँदाटिपोट क्षमताको तुलना गर्दा छात्रा विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको छ ।
- समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता हेर्दा प्रायः विद्यार्थीको लेखाइमा शुद्धता नरहेको पाइयो । त्यसैगरी बुँदाटिपोट गर्दा मौलिकता दिन नसक्नु, क्रमबद्ध टिपोट नगर्नु, प्रस्तुतीकरण स्तरीय नहुनु जस्ता कमजोरी रहेको देखिन्छ ।
- यसरी सम्पूर्ण आधारलाई विश्लेषण गर्दा इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको क्षमतामा एकरूपता पाइएन तसर्थ शिक्षकले विद्यार्थीको रुचि, इच्छा र उनीहरूको समस्या पहिचान गरी पर्याप्त अभ्यास गराउनुपर्ने देखिन्छ ।

## ७.३ उपयोगिता

अनुसन्धान कार्य जटिल र चुनौतिपूर्ण कार्य हो । प्रत्येक अनुसन्धानको कुनै न कुनै उपयोगिता रहेको हुन्छ । मुख्यतः यस अनुसन्धान प्रतिवेदनको उद्देश्य नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपाली भाषा शिक्षा विभागको प्रयोजनको

लागि भए पनि यस अध्ययन प्रतिवेदनको माध्यमिक तह कक्षा नौको पाठ्यक्रम निर्माण, परिमार्जन, पाठ्यपुस्तक निर्माण, परिमार्जन गर्न उपयोगी रहेको छ । त्यसैगरी शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता आदिलाई पनि यो प्रतिवेदन उपयोगी रहेको छ । प्रस्तुत अध्ययन इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनको उपयोगिता निम्नानुसार रहेको छ :

### ७.३.१ नीतिगत उपयोगिता

यस अनुसन्धानको नीतिगत तहको उपयोगिता निम्नलिखित रहेका छन् :

- माध्यमिक तहको नेपाली विषयको उपयुक्त पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र परिमार्जन गर्न,
- माध्यमिक तहका नेपाली विषयको पाठ्यक्रममा बुँदाटिपोट सम्बन्धी निश्चित पाठ्यभार र उपयुक्त क्रियाकलाप समावेश गर्न,
- वर्तमान पाठ्यक्रमले तोकेको तथा पाठ्यपुस्तकमा समावेश विषयवस्तुको मूल्याङ्कन गर्न,
- भाषविद्, पाठ्यक्रमविद्, पाठ्यपुस्तक निर्माता लगायत नीति निर्माण गर्ने सम्पूर्ण निकायलाई नीति निर्माण गर्न,
- भाषिक सिपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भावी अध्येतालाई सहयोग तथा प्रेरित गर्नेछ ।

### ७.३.२ प्रयोगगत तह

यस अनुसन्धानको प्रयोगगत तहको उपयोगिता निम्नलिखित रहेका छन् :

- बुँदाटिपोट शिक्षणका लागि शिक्षकले प्रभावकारी शिक्षण योजना निर्माण गर्न,
- विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी शिक्षण गर्न,
- विद्यार्थीका लेखन सिपसँग सम्बन्धित कमीकमजोरी पत्ता लगाई निराकरण गर्न,
- बुँदाटिपोटको विधि र प्रत्रियाका बारेमा स्पष्ट धारणा निर्माण गर्न उपयोगी हुनेछ ।

## ७.४ सुझाव

इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकको प्रस्तुत शोध अध्यययनबाट प्राप्त शोध निष्कर्षका आधारमा बुँदाटिपोट क्षमताको विकास गराउन सम्बन्धित सबै पक्ष, शिक्षक, विद्यार्थी, अभिभावक, पाठ्यक्रमविद्, विषय विशेषज्ञ लगायत सरोकारवाला सबै पक्षलाई निम्नानुसार सुझाव दिन सकिन्छ :

- नेपाली विषयप्रति अभिभावक तथा विद्यार्थीहरूमा भएको नकारात्मक धारणा हटाएर सकारात्मक धारणाको विकास गराउनु पर्दछ ।
- भाषिक सिपहरूमध्ये लेखाइ सिप महत्त्वपूर्ण सिप भएकाले भाषा पाठ्यपुस्तक निर्माण गर्दा लेखाइ सिपलाई पनि बढी मात्रामा समावेश गरिनु पर्दछ ।
- बुँदाटिपोट शिक्षण गर्दा शिक्षकले स्पष्ट निर्देशन दिनुपर्दछ ।
- नेपाली भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको रुचि, इच्छा, आवश्यकता लगायत भाषिक पृष्ठभूमि सबै आधारलाई ध्यानमा राखेर पाठ्यवस्तुको छनोट र स्तरण गर्नुपर्दछ ।
- कक्षामा शिक्षण गर्दा विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्नुपर्दछ ।
- कक्षा व्यवस्थापनमा ध्यान दिई बालमैत्री वातावरण निर्माण गरेर मात्र शिक्षकले शिक्षण गर्नुपर्दछ ।
- प्रत्येक विद्यालयमा नेपाली विषयको शिक्षक नियुक्ति गर्दा नेपाली विषयमा नै विशिष्टीकरण गरेको शिक्षक नियुक्ति गर्नु पर्दछ ।
- शिक्षण क्रियाकलापमा आधुनिक शैक्षणिक सामग्रीको प्रयोगमा जोड दिनुपर्दछ ।
- पहिलोभाषी विद्यार्थीको तुलनामा दोस्रोभाषी विद्यार्थीको क्षमता कमजोर देखिएकोले कक्षामा उनीहरूलाई प्राथमिकता दिई उनीहरूको रुचि, इच्छा र आवश्यकताअनुसार शिक्षण गर्नुपर्दछ ।
- सामुदायिक विद्यालयमा पठनपाठनमा नियमितता गर्न कडा नीतिनियम बनाउनु पर्दछ ।

- सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकहरूलाई सचेत गराई आफ्नो छोराछोरीका पढाइमा जागरुक बनाउनु पर्दछ ।
- कक्षा कार्यकलाप गराउँदा जान्ने विद्यार्थीलाई मात्र सहभागी नगराई जान्ने नजान्ने सबैलाई सहभागी गराउनु पर्दछ ।
- विद्यालयमा पुस्तकालयको व्यवस्था गराउनु पर्दछ ।
- विद्यालयमा समय समयमा सिर्जनात्मक लेखन प्रतियोगिताहरू गराउनु पर्दछ ।
- संस्थागत विद्यालयमा शिक्षण गराउने तालिम अप्राप्त शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्दछ ।
- विद्यार्थीलाई विभिन्न शैक्षिक भ्रमण गराई उक्त ठाउँको बारेमा मुख्य मुख्य कुराको बुँदाटिपोट गर्न लगाउनु पर्दछ ।
- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले बुँदाटिपोट क्षमताका क्रममा विशेष गरी भाषिक संयोजन, शुद्धता, विषयवस्तुको सङ्गठन, मौलिकता जस्ता पक्षमा त्रुटि गरेकाले यस्ता पक्षको बारेमा स्पष्ट जानकारी गराई पृष्ठपोषण गराउनु पर्दछ ।
- बुँदाटिपोट क्षमतामा निपुण बनाउन विद्यार्थीलाई प्रशस्त अभ्यास गराउनु पर्दछ ।